# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि :

विश्व लगायत नेपाल पनि घरेलु हिंसावाट अछुतो हुन सकेको छैन जुन कुरामा कसैको पनि दुई मत पाउन सकिदैन । जहाँ महिलाको भन्दा पुरूषको हैसियत हरेक क्षेत्र ( सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक , धार्मिक, वैचारिक क्षेत्रमा किन नहोस् ) मा उच्च रहेको पाइन्छ । यहाँ महिलाहरुको स्थान दोस्रो दर्जामा रहेको पाइएको छ , यो कुरा सर्वविदितै छ । महिलाहरु आफूले पाउने सम्पूर्ण अधिकारबाट वञ्चित रहेका छन् । विश्वका आधा आकाश र आधा धर्ती ओगटेका महिलाहरु विरूद्ध विभिन्न किसिमका हिंसाहरु भएको पाइन्छ । यी हिंसाहरुले महिलाको अवस्था निकै जर्जर र दु:खप्रद एवम् पीडादायी अवस्थामा गुज्रिरहेको छ (मल्ल सपना,२०५८) ।

हाम्रो इतिहासलाई कोट्याउने हो भने पनि ढुङगे युगदेखि नै महिला पुरूषमा भिन्नता भएको पाइन्छ । मानवको जन्म पश्चात् तत्कालै सामाजिक लिङ्गको रूपले निर्माण हुन्छ भने मानव सभ्यताको विकासको सुरूवातसगै शिकारी र संकलन समाज, बागवानी समाज, कृषि समाज र औधोगिक समाजमा लैङ्गिकताको निर्माण हुदै आएको पाइन्छ । शिकारी तथा सङ्कलित समाजमा पुरूषले शिकार गरी पारिवारीक गुजारा चलाउने भएकोले उनीहरूले महिलामाथि नियन्त्रण गरी पराधिनता लादिसकेका थिए भने बागबनी समाजदेखी औधोगिक समाजसम्म आइपुग्दा पुरूषहरूको चत्तुयाईको कारणले गर्दा विभिन्न आर्थिक उत्पादनमा महिलाहरूको भुमिका बढि देखिएपनि आर्थिक कारोबारको सम्पूर्ण अधिकार पुरूषमा थियो जसले गर्दा पुरूषहरू शक्तिशाली बन्न पुगे (चौलागाई, पोखरेल, सापकोटा-२०६०) ।

परिवारको एक सदस्यले सोहि परिवारको अर्को महिला सदस्यमाथि गरिने शारीरिक, मानसिक, आर्थिक, यौनजन्य जस्ता हिंसा घरेलु हिंसाको स्वरूप हो । यस्ता किसिमका हिंसाको

स्वरूप प्रयोग गरी महिलाहरूलाई आफ्नो अधिनमा राख्ने प्रयास गरिन्छ । यो यस्तो अपराध हो जसले सबै उमेर, जातजाति, धर्म, संस्कृति, शैक्षिक तथा आर्थिक स्तरको परिधीलाई समेटेको हुन्छ (साथी, २०६६) ।

नेपालमा घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा बनेको ऐन २०६६ का अनुसार "घरेलु हिंसा" भन्नाले कुनै ब्यक्तिले घरेलु सम्बन्ध भएको कुनै अर्को व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्दछ । यस ऐनले गाली गर्ने तथा भावनात्मक चोट पुर्‍याउने जस्ता अन्य कार्यलाई समेत जनाउँदछ । उक्त ऐनका अनुसार घरका सहयोगी तथा आश्रित लगायतका व्यक्तिहरूलाई समेत समेटेको छ (साथी, २०६६) ।

महिलाहरू परिवारका सदस्यहरूबाट नै शारीरिक, मानसिक र भावनात्मक रूपमा बढि पीडित हुने गरेका पाइन्छ । घरभित्र हुने अधिकाशं हिंसा गाली गलौच, भावनात्मक चोट पुग्ने भनाइ र व्यङ्ग्यात्मक छेडहानी, कपाल समातेर तान्ने, विष सेवन गर्न बाध्य पारिने, पासो लगाउने, शरिर जलाएर वा अन्य रसायन प्रयोग गरेर कुरूप बनाइदिने, यौनाङ्गमा चोट पुर्‍याउने, जबरजस्ती यौनसम्पर्क राख्ने, अनिच्छित गर्भाधारण गर्न बाध्य तुल्याउने वा गर्भ तुहाउन बाध्य पारिने, छोरी मात्र जन्माएको वा सन्तानै नभएको आदि बहानामा सौता ल्याई पहिलो पत्नीलाई घरको सामान वा सम्पतिको प्रयोगमा बन्देज लगाउने, प्रथा परम्पराको नाममा घरको नियमित व्यवहारबाट बञ्चितिकरण गर्ने, जबरजस्ती विवाह गर्न बाध्य पार्ने, वालविवाह लगायत बेचबिखन गर्ने आदि रहेको पाइन्छ । यी व्यवहारहरू विभिन्न बहानमा घरका महिला वा पुरूष, नजिकको नातेदारहरूबाट एक्ला एक्लै वा सामुहिक रूपमा हुने गरेको मात्र नभइ अन्य मानिसहरूबाट पनि पारिवारीक विवादको समाधान वा अंहकारको तुष्टि पुरा गर्न वा चोरी डकैती गर्न आउने वा उपचारको बहानामा समेत महिलाहरूलाई लक्षित गरी हिंसाजन्य काम गरेको पाइन्छ । कमजोर स्वास्थ्य स्थिती भइ घरको काम गर्न नसकेको, दाइजो नल्याएको , भनेको काम तुरून्त नगरेको आदि बहानमा महिलाहरूमाथि हिंसात्मक आक्रमण हुने गरेका पाइन्छ (भण्डारी, २०६६) ।

नेपालको अन्तरिम संविधान २०६३ मा समानताको हक उल्लेख गरिएको छ जुन कुरा समाजमा लागु हुन नसक्दा पनि महिला हिंसाले फस्टाउने मौका पाएको हो । समानताको

अधिकारको अभावले महिलालाई मुल्यहीन र गन्तब्यहिन बनाउछ । हुन त महिला विरूद्धको हिंसाका न्यायिक पक्षमा पहल भने नभएको होइन । विश्वब्यापी रूपमा व्याप्त महिला उपरका हिंसा उन्मुलनका लागी संयुक्त राष्ट्रसंघले सन् १९९३ मा नै महिला विरूद्धका हिंसा उन्मुलन गर्ने घोषणा गरेका थियो । चीनको राजधानी बेइजिङको विश्व महिला सम्मेलन सन् १९९५ मा महिलासंग सरोकार राख्ने १२ बुँदे विषयहरू मध्ये महिला र हिंसा तथा महिला र गरिवी महत्वपूर्ण विषयका रूपमा रहेका थिए । यसरी महिला हिंसा आज विश्वब्यापी समस्याको रूपमा नै देखिएको छ । त्यसैले महिला विरूद्धको हिंसा एउटा गहन प्रश्न बनेको छ (चौलागाई, पोखरेल, सापकोटा, २०६०) ।

महिला भएकै कारणले महिला माथि हुने भेदभावहरूको अन्त्यका लागि महिलाहरूकै पहलमा महिला समानता र विकास सम्बन्धी सबै पक्षहरू समेटी महिला महासन्धीको प्रस्ताव गरे जसलाई संयुक्त राष्ट्रसंघको महासभाले पारित गर्‍यो । यस महासन्धीमा महिलाको मानव अधिकारलाई वैद्यानिक मान्यता दिएको एक महत्वपूर्ण अर्न्तराष्ट्रिय दस्तावेज हो जसलाई महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी (Convention on the Elimination of All Forms of Discrimination against women) भनिन्छ (ल्याक ,२०६८) ।

विश्व लगायत हाम्रो समाजमा महिलामाथि विविध प्रकारका हिंसाहरू भएका छन् । मुख्य रूपमा भन्नुपर्दा पुरूषहरूले महिलाहरूलाई आफ्नो हक अधिकारबाट बञ्चित गराएका छन् । यद्यपी महिलाहरू पुरूष विरूद्ध हुने हिंसाबाट मात्र पीडित नभई महिला विरूद्ध हुने हिंसाबाट पनि पीडित छन् । हिंसा भन्ने बित्तिकै हामी कुनै पनि मानिस माथि गरिने शारीरिक, मानसिक यातना, गाली गलौज, कुटपिट आदि भन्ने बुझ्दछौ हिंसा महिला पुरूष बालबालिका बृद्ध जसको विरूद्धमा पनि हुने गर्दछ भने हिंसा महिला पुरूष जुनसुकै बर्गबाट पनि हुने गर्दछ । महिलाहरु घरभित्र होस् या घर बाहिर होस् कुनै न कुनै हिंसाबाट पीडित छन् । महिला बिरूद्ध हुने घरेलु हिंसा कतिपय ठाउँमा निर्दयी रूपमा प्रत्यक्ष ढङ्गले भएको छ भने कतिपय ठाउँमा अप्रत्यक्ष ढङ्गले हुने गरेको पाइएको छ । महिलाहरू जो पुरूषबाट शोषित तथा घरेलु हिंसाबाट पीडित छन् । आफू माथि भएका यस्ता हिंसालाई उनीहरू बाहिर ल्याउन चाहदैनन् । त्यसैको

अलवा पारिवारिक जीवनबाट बिस्थापित भैसकेपछि सुरक्षित जीवनको विकल्प नदेख्दा पनि घरेलु हिंसालाई घर भित्रै लुकाउने गर्दछन् । फलस्वरूप घरेलु हिंसाले बढवा पाउनेमौका पाएको छ ।

हाम्रो देशमा महिलाहरुको स्थिति साह्रै दयनिय छ । उनीहरु आर्थिक, सामाजिक, राजनितिक रुपमा शोषित र पिछडीएका छन् । महिलाहरु आय आर्जन रोजगारमा सहभागी कमै भएको पाइन्छ त्यसैले उनीहरुलाई आवश्यक पर्ने पैसाको लागी आफ्ना श्रीमानसंग भर पर्नु पर्ने कारण उनीहरुबाट सधै दबिनु पर्ने हुन्छ । यस्तै सामाजिक पक्षहरुमा हाम्रो धर्म, रीतिरिवाज पर्दछन् । महिलाहरुलाई धार्मिक क्षेत्रहरुमा जस्तै : कुल पुजामा प्रवेश निषेध गर्नु, चण्डी पाठमा महिलालाई प्रतिबन्ध लगाउनु, यो धार्मिक हिंसा हो भने प्रथा परम्पराको नाममा महिलालाई मन्दिरमा चढाउनु जस्तै देउकी, झुमा, बादी, छाउपडी प्रथाहरुको चलनचल्ती हुनु आदि सम्पूर्ण क्रियाकलापहरु महिला हिंसा अर्न्तगत पर्दछन् । महिलाहरु राजनितिक क्षेत्रमा पनि पछाडी छन् । महिलाहरु नेतृत्व तहमा धेरै कम मात्रामा छन् । महिलाहरु कमजोर हुन्छन् सबैलाई मिलाएर लैजान सक्दैनन भन्ने सोच राजनितिक दलहरुमा हुनु जस्ता कारणले हाम्रो देशले महिला प्रधान मन्त्री अझसम्म पाउन सकेको छैन । पार्टीका प्रमुख पक्षहरुमा महिलाहरुको स्थिती साह्रै नै न्यून रहेको पाइन्छ ।

यस अध्ययनमा नवलपरासी जिल्लाको दाउन्ने देवी गा.वि.स.- ५ मा रहेका महिला प्रति हुने गरेका घरेलु हिंसाको कारणहरू खोज्ने प्रयास गरिएको छ । नवलपरासी जिल्लाको दाउन्ने देवी गा.वि.स. एक ग्रामिण थलो हो । धेरै आदिवासी, दलित जातजातिका मानिसहरू बसोबास गर्दै आएको उक्त क्षेत्रमा पनि घरेलु हिंसाले उत्तिकै मात्रमा जरो गाड्ने मौका पाएको छ । विशेष गरी आदिवासीजनजाति, दलित महिलामा बढि मात्रामा घरेलु हिंसा रहेको देख्न पाइन्छ । अशिक्षित भएका कारण, पैसा आय आर्जन गर्न नसकेको कारण, बिहेमा प्रशस्त दाइजो ल्याउन नसकेका कारण तथा छोरा जन्माउन नसकेका कारण लोग्ने तथा आफ्नै घरका अन्य सदस्यबाट घरेलु हिंसाको आगोमा होमिएका त्यहाँका महिलाको यहाँ अध्ययन गर्न जमर्को गरिएको छ ।

## १.२ समस्याको कथन :

महिला विरूद्धको हिंसा मानव विरूद्धको हिंसा हो । यस्तो हिंसाको बिरोध गरौं, दण्डहीनताको अन्त गरौं भनेर आवाज उठाउन थालेको धेरै समय भइसकेको छ विश्व भरिका महिलाहरुबीच हुने विभिन्न हिंसा तथा भेदभावहरु कसरी निर्मुल गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न समयमा महिला सम्मेलनहरु पनि भइसकेका छन् । तर पनि यो समस्या कुनै एउटा देशमा र राष्ट्रमा मात्र सीमित नरही विश्वभरीनै मुख्य रुपमा देखा परेको छ । नेपालमा विभिन्न धार्मिक संस्कार र परम्पराहरु नै महिला विरूद्धको हिंसाका प्रतिरुप हुन् । जस्तै : बोक्सीको आरोप लगाउने, बिरामी पर्दा डाक्टर नखोजेर धामी झाँक्री माथी बढी विश्बास राख्दा झाँक्रीको अनुसार महिलालाई दोष देखाइ सो महिलामाथी खनिएर पिट्ने ,कुट्ने गर्न थाल्दछन् । बोक्सीको आरोपमा विभिन्न स्थानमा महिलाहरुलाई अमानवीय कार्य हुने गरेको र हत्या समेत हुने गरेका प्रशस्त उदाहरणहरु हाम्रे समाजमा देख्न सकिन्छ ।

नेपाली महिलामा हुने गरेका हिंसाका स्वरुपहरु उमेर अवस्था अनुसार फरक-फरक पाइन्छ । पुरुषले महिलाहरुलाई खेलौना, गरगहना, वस्तुभाउको रुपमा लिने गर्दछन् । महिलाहरुलाई पुरुषको भोग विलास, उपभोग्य साधनको रुपमा प्रयोग गर्दै विभिन्न हिंसा गरेको पाईन्छ ।

महिलामाथि हुने हिंसा भनेको प्रथमत, भ्रुण हत्या पर्दछ गर्भ पहिचान गरी गर्भ तुहाउनु साथै बाल्याबस्थामा शिक्षा, स्वास्थ्य लगायत हरेक क्षेत्रमा गरिने छोरी प्रतिको भेदभाव बाल विवाह, बाल बेश्याबृत्ति, बाल श्रमको शोषण आदि यस अर्न्तगत पर्दछ । त्यस्तै गरी किशोरावस्थाका महिलामाथि हुने गरेका हिंसाका रूपमा बलत्कार, बेचविखन, जवरजस्ती महिलाको मञ्जुरी विना विवाह गरिदिने, शिक्षा स्वास्थ्य खानपिन लगायत घरायसी काममा समेत महिला पुरूषप्रति भेदभावपूर्ण व्यवहार गर्ने गरिन्छ । युवाअवस्थाका महिलाले भोग्नु परेका हिंसाका रूपमा प्रायः विवाह पश्चात् उसमाथि गरिने हिंसा पदर्छ । जस्तै बैवाहिक बलात्कार, दाइजोका कारण हुने हिंसा घरेलु हिंसा आदि पर्दछ भने गर्भावस्थामा आएर भ्रुण हत्या गरिने, गर्भबती महिलाले पाउनु पर्ने उचित स्याहार संहार नपाउने, पोषिलो खानाको कमी यस्तो अवस्थामा बढि भन्दा बढि समय काममा लगाउनु, मानसिक शारीरिक यातना आदि जसले गर्दा

गर्भ तुहिने पनि गर्दछ । प्रौढावस्थाका महिलामाथि हुने हिंसाका रूपमा उचित स्याहार तथा औषधीउपचारको अभाव, बच्चाको पालनपोषण तथा स्याहारको दायित्व बहन आदि पर्दछ ।

पुरुषको दाँजोमा महिला कमजोर असक्त हुन्छन् भन्ने संकुचित मानसिकता हाम्रो समाजमा व्याप्त छ । विकास प्रकृयामा नारी पुरूषको सहभागिता बराबर छ भनेर जति नारा घन्काइन्छ त्यतिकै मात्रमा उनीहरू प्रतिको शोषण पनि बल्भिmरहेको छ । यो नै महिला माथिको प्रमुख समस्या हो ।

नवलपरासी जिल्लाको दाउन्ने गा.वि.समा महिला विरूद्धको घरेलु हिंसामा यो भन्दा पहिला कुनै ब्यक्ति तथा संस्थाद्धारा अनुसन्धान गरिएको छैन त्यसैले यस ठाउँमा महिलामाथि हुने गरेको घरेलु हिंसाको बारेमा निम्न प्रश्नमा अध्ययन गर्न खोजिएको छ ।

→ उत्तरदाता महिलामाथि के कस्ता घरेलु हिंसा हुने गरेका छन् ?

→ समाजमा हुने महिला हिंसा के कसरी हुने गरका छन् ?

→ अध्ययन क्षेत्रका शिक्षित महिलामा भन्दा अशिक्षित  महिलामा हिंसाको मात्रा किन बढी देखिन्छ ?

→ महिला अधिकारका सम्बन्धमा बनेका कानुनको बारेमा हिंसा पीडित महिलालाई थाहा छ या छैन ?

## १.३ अध्ययनको उद्देश्य :

देशको कुल जनसंख्याको आधा भन्दा बढि क्षेत्र ओगट्ने महिला वर्गको उत्थान विना मुलुकको विकास सम्भव छैन । त्यसैले पनि महिला वर्गलाई शिक्षित एवम् जागरूक बनाउनु अति आवश्यक भैसकेको अवस्थामा पनि उनीहरू प्रति गरिने हिंसात्मक व्यवहारका कारण उनीहरूको सामाजिक अवस्थामा परिवर्तन हुन नसकेको देखिन्छ ।

यस अध्ययनको सामान्य उद्देश्य नवलपरासी जिल्लाको दाउन्ने देवी गा.वि.स-५ का घरेलु हिंसा पीडित महिलाको स्थिती अध्ययन गर्नु रहेको छ । यस अध्ययनको निम्न विशिष्ट उद्देश्यहरू रहेका छन् ।

१. महिला विरूद्ध हुने घरेलु हिंसाको प्रकार अध्ययन गर्ने ।

२. महिला विरूद्ध हुने घरेलु हिंसाको कारणको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व :

नवलपरासी जिल्ला बाटोघाटो, बिजुली बत्ति आदिको दृष्टिले सुगम मानिए पनि शिक्षा तथा स्वास्थ्यका दृष्टिले अध्ययन गर्न लागेको क्षेत्र अलि पछाडी नै छ जसको कारण मानिसहरूमा चेतनाको अभाव छ । पितृसत्तात्मक समाजले जरो गााडेको यस समाजमा श्रीमानलाई पति परमेश्वर मानेर बस्नु परेको कारणले पनि महिलाहरू शोषित र पीडित हुनुपरेको छ । जति शोषित र पीडित हुनु परे पनि आफू माथि भएका हिंसालाई सहनु यहाँका महिलाको सामाजिक धर्म बनिसकेको छ यस्तो प्रकृतिको घृणित कार्यलाई रोकथाम गर्न र महिलालाई सचेत गराउन भनी खोलीएका संस्थाहरू मध्ये कतिपय  आर्थिक रूपमा सुदृढिकरण भै आफुमात्र बन्नमा व्यस्त रहेका थुप्रै उदाहरण यस समाजमा छन् । यस्तो परिस्थितिमा सही रूपमा महिला माथि हुने हिंसाले निकास पाउन नसकेको अवस्थामा यस सम्बन्धी हुने कुनै प्रकारका अनुसन्धानको यस क्षेत्रमा महत्व रहन जान्छ । जुन अनुसन्धानले महिलाको सम्पूर्ण अवस्थाबारे जानकारी हुनेछ । जस्तै आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, जातिगत, पारिवारिक आदि ।

वर्तमान समाज विगतको तुलनमा निकै पृथक र परिष्कृत भैसकेको छ समाज दिन प्रतिदिन सुविधा सम्पन्न भएको छ  तर विडम्बना मानिसमा चेतनाको विकास हुन सकेको छैन समाजमा महिलाप्रति घरेलु हिंसा समाजको विकास प्रविधि सगै बढि रहेको पाइन्छ । घरेलु हिंसा सबै व्यक्तिबाट मात्रै हुदैनन् केहि समाजबाट हुने गरेका पाइन्छ भने केहि राज्य वा सरकारबाट पनि हुने गरेको पाइएको छ । ( ओरेक नेपाल २०६८, मासिक प्रतिबेदन)

संसारमा हामी देखिरहेका छौ महिलाहरूले पनि पुरूष सरह सबै काममा सक्रिय भुमिका निभाएको तर पनि महिलामाथि राज्य सरकार तथा समाजबाट केहि न केहि रूपमा हिंसा भैरहेको पाइन्छ । यस्तो अवस्थामा सरकारले महिलालाई आरक्षण दिनु भन्दा सशक्तीकरणको बाटो खुलाइ दिए महिलाहरू समाजमा कुनै पनि प्रकारका हिंसाबाट पीडित हुने थिएनन् की ? यस अध्यनले समाजमा हिंसा पीडित महिला प्रतिको दृष्टिकोण धारणा र व्यवहारको बारेमा जानकारी दिनेछ । समाजमा रहेका हिंसा पीडित महिलाहरूको वास्तविक स्थितीबारे जानकारी दिलाइनेछ । यसलाई निम्न बुँदाहरूमा प्रष्टयाउन सकिनेछ ।

→ महिलाको आर्थिक, सामाजिक, शैक्षिक, राजनितिक तथा सांस्कृतिक अवस्था बारे जानकारी हुनेछ ।

→ परिवार तथा समाजले महिलालाई कसरी हेरेका छन् थाहा पाउन सकिनेछ ।

→ महिला हिंसाको प्रकृतिबारे जानकारी प्राप्त हुनेछ ।

→ हिंसा पीडित महिला प्रति सरकारी तथा गैरसरकारी संस्थाले कुनै सचेतना फैलाउने काम गरेका वा नगरेको बारे थाहा हुनेछ ।

→ महिलामाथि के कस्ता प्रकारका समस्या हुने गरेका छन् थाहा पाउन सकिनेछ।

→ यस अध्ययननबाट हिंसा पीडित महिलाहरूको बारेमा बुझ्न चाहने व्यक्ति, संस्था, योजनाकार आदिलाई सहयोग मिल्नेछ ।

## १.५ संगठनात्मक ढाँचा :

यस शोधपत्रमा जम्मा छ अध्याय रहेका छन् । अध्याय एकमा पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, शोधपत्रको संगठनात्मक ढाँचा रहेका छन् ।

अध्याय दुईमा सन्दंभ साहित्यको अवलोकन रहेको छ । यस भित्र विश्वब्यापी सन्दंभमा, नेपालको सन्दंभमा, महिला विरूद्धको घरेलु हिंसाको अवधाराणत्मक खाका रहेका छन् ।

अध्याय तीनमा अनुसन्धान पद्धतीमा अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य, अनुसन्धान ढाँचा, अध्ययनको समग्रता र नमुना छनौट, तथ्यहरूको स्रोत तथा प्रकृति, तथ्याङ्क संकलन विधिहरू र यस अर्न्तगत प्राथमिक स्रोत र द्वितिय स्रोत रहेका छन् । प्राथमिक स्रोत अर्न्तगत पनि अर्न्तवार्ता,  व्यक्तिगत अध्ययन, प्रमुख जानकार व्यक्तिहरूसंगको अर्न्तवार्ता रहेका छन् । यसैगरी तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण, अध्ययनको सीमा, गोपनियता, अध्ययन क्षेत्रको सामान्य परिचय र घरेलु हिंसा पीडित महिलालाई हेर्ने सामाजिक संस्थाको परिचय बारे चर्चा गरिएको छ । अध्ययन क्षेत्रको सामान्य परिचय भित्र पनि अध्ययन क्षेत्रको भौगोलिक अवस्था, आर्थिक अवस्था, सामाजिक अवस्था, शैक्षिक अवस्था, स्वास्थ्य स्थिति, धार्मिक तथा भाषिक स्थितिको बारे चर्चा गरिएको छ ।

अध्याय चारमा उत्तरदाता महिलाको सामाजिक तथा आर्थिक पृष्ठभुमि रहेका छन् । उक्त अध्यायमा जनसंख्या, परिवारको प्रकार, जातिगत विवरण, शैक्षिक अवस्था, आर्थिक अवस्था तथा धर्म शिर्षक माथि चर्चा गरिएको छ । त्यस्तै यसै अध्याय भित्र उत्तरदाता महिला प्रति गरिने घरेलु हिंसाको बेलाको विवरण पनि चर्चा गरिएको छ ।

अध्याय पाँचमा उत्तरदाता महिलाले भोगेका हिंसाको प्रकार, कारण, समस्या र धारणा रहेका छन् । उक्त अध्याय भित्र महिला विरूद्धको हिंसा, घरेलु हिंसाका प्रकारहरू, कारणहरू, महिला विरूद्ध हिंसा सम्बन्धी उत्तरदाता महिलाहरूको धारणा, उत्तरदाता महिलाहरुले हिंसा बताएको वा नबताएको विवरण, हिंसाबाट पीडित भएका उत्तरदाता महिलाहरूको सहायताको विवरण बारे चर्चा गरिएको छ ।

अध्याय छ मा सांरश र निष्कर्ष रहेका छन् ।

# अध्याय - दुई

# सन्दर्भ साहित्यको अवलोकन

## २.१ विश्वव्यापी सन्दर्भमा :

विशेषत महिला हिंसाले आज विकसित मुलुकदेखी विकासशील र अल्पविकसित मुलुकहरूमा एक दानविय प्रवृतिको रूपमा जरो गाडेको छ । महिला र पुरूषलाई एकै रथका दुइ पाङग्राका रूपमा भन्ने कथन हाम्रो समाजमा प्रचलित छ । यद्यपी हाम्रो देश नेपाल अनि संसारभरी नै महिला र पुरूष बीच सामाजिक आर्थिक एवम् राजनितिक असमानताको आभाष दिलाउने प्रयत्न पनि जारी नै छन् । संसारभरिका महिलामाथि कुनै न कुनै अबशेषहरू कायमै छन् । विशेष गरी नेपाल जस्ता अल्प विकसित मुलुकहरूमा त यसको धेरै प्रकारहरू व्याप्त छन् । २१ औ शताब्दीमा आइपुग्दा पनि महिला हिंसामा खासै तात्विक परिवर्तन नहुनु साह्रै दुःखद कुरा हो ।

विश्व स्वास्थ्य संगठनले जारी गरेका एक प्रतिवेदनमा महिला हिंसा सर्वव्यापी रहेका एवम् विशेष त घरेलु हिंसाको रूपमा संसार भरी नै भयावह रहेको तर्फ इंगित गरेको छ । अझ गम्भिर कुरो के छ भने यस्ता घरेलु हिंसाहरूलाई कतिपय देश अनि समाजमा साधारण रूपमा लिने गरिएको छ । यसर्थ उक्त परिवेशमा घर नै असुरक्षित रहेको तथ्य उजागर गरिएको छ (WHO, 2005)।

विश्वका आर्थिक, सामाजिक एवम् सांस्कृतिक रूपमा विभिन्न १० राष्ट्रका २४,००० महिलाहरू सम्मिलित उक्त सर्वेक्षणले महिला हिंसा घरेलु हिंसाका विभिन्न रूपहरूको उजागर गरेको छ । सबै प्रकारका महिला हिंसाहरूमा जापानमा धेरै कम र अल्पविकसित मुलुकहरूमा धेरै हुने गरेका तथ्याङ्कले देखाएको छ । आफ्नै श्रीमान वा सो सरहको नजिकको सम्बन्धको पुरूषले गर्ने शारीरिक, मानसिक वा यौन दुर्व्यवहारमा जापानका महिला सबैभन्दा कम (१५%) तथा बंगलादेश, एथिपिया, पेरू र तान्जानियाका ग्रामिण भेगमा बस्ने महिलाहरू सबैभन्दा बढि (७१%) प्रताडित भएको उक्त सर्वेक्षणले देखाइएको छ (WHO, 2005)।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा घरेलु हिंसा एकदमै डरलाग्दो स्थितीमा रहेको छ । सन् १९९९ भन्दा अगाडि विभिन्न ३५ देशमा गरिएको सर्वेक्षणमा १०% देखि ५२% महिलाहरूले आफु शारीरिक हिंसाको शिकार भएको जनाएका छन् । त्यसैगरी १०% देखी ३०% महिलाहरु आफु आफ्नै पतिबाट र अन्य व्यक्तिहरुबाट यौनजन्य हिंसाको शिकार भएको बताएका छन् (WHO, 1997) । कोलम्बियामा गरिएको एक सर्वेक्षण अनुसार कोलम्बियाका २१% महिलाहरू जीवनभर हिंसाको शिकार भएको बताएका छन् । (profamilia, 1995)

विश्व स्वास्थ्य संगठनका अनुसार घरेलु हिंसा अर्न्तगत शारीरिक मानसिक तथा यौनजन्य हिंसाहरू पर्दछन् । जसमा आफ्नै पतिबाट इच्छा विपरित यौनजन्य क्रियाकलापमा सहभागी गराइनु, डर धम्की देखाउनु, आफ्नो बसमा राख्न खोज्नु, विभिन्न बन्देजहरू लगाउनु, कुटपिट गर्ने जस्ता क्रियाहरू पर्दछन् । (WHO, 1997) ।

सन् १९९५ को Demographic and Health Survey (DHS) का अनुसार इजिप्टमा तीन भागको एक भाग महिलाहरू आफु विवाहपछि सधै आफ्नो श्रीमानको टोकाइबाट प्रभावित भएको बताएका छन् । (E1-Zanaty et all, 1995) । एक अरबी अध्ययन अनुसार अरबमा बसेका इजरायली महिला मध्ये ३०% महिलाहरू शारीरिक तथा यौनजन्य हिंसाको शिकार भएको बताएका छन् (Haj – Yahia and Edleson 1994) ।
कोरियामा गरिएको अध्ययन अनुसार ३८% महिलाहरू आफु आफ्नो श्रीमानको मानसिक यातनाबाट प्रभावित भएको बताएका छन् भने १२% महिलाहरू आफुहरूले गम्भिर प्रकारका शारीरिक यातनाबाट प्रभावित भएको बताएका छन् (Kim and Cho, 1992) ।

संयुक्त राष्ट्र संघ, महिला विरूद्ध भेदभाव उन्मुलन गर्ने समिति (CEDAW, Committee) को सिफारिस नं. १९ (General Recommendation No.19) अनुसार घरेलु हिंसा भनेको महिला विरूद्धको हिंसाको सबैभन्दा पुरानो स्वरूप हो । यो सबै किसिमको समाजमा प्रचलित छ । घरेलु हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको छ र पारिवारिक तथा सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको छ । अत : राज्य पक्षले सार्वजनिक वा निजि कुनै पनि क्षेत्रमा लिङ्गको

आधारमा हुने हिंसालाई नियन्त्रण गर्न आवश्यक प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्छ (महिला कानुन र विकाश मञ्च FWLD, 2059)।

महिला हिंसा एशियाली देशहरूमा बढि हुने गरेको छ । भारतमा गरिएको अध्ययन अनुसार ४१% महिलाहरू आफु आफ्नै पतिको टोकाइबाट प्रभावित भएको बताएका छन् त्यसमध्ये उत्तरप्रदेश र तामिलनाडु जस्ता प्रदेशमा यो दर बढि पाइएको छ (JeJeebhoy and cook 1997 ,Cited in Puri)। बंगालादेशमा गरिएको सर्वेक्षणमा ४७% महिलाहरू आफ्ना पतिको टोकाइबाट प्रभावित भएको बताएका थिए (schuler etall, 1996, Cited in Puri)। अर्को बंगलादेशमा गरिएको अध्ययनमा ७९% महिला आफ्नो पतिको गाली गलौच तथा डर धम्कीबाट प्रभावित भएका थिए भने १८% महिलाहरूलाई सम्बन्ध विच्छेद गर्न उनीहरूको पतिबाट कर गर्ने, थर्काउने गरेको पाइयो भने ४२% महिलाहरू शारीरिक हिंसाको शिकार भएको बताएका थिए। (Koenig et. All, 2003 )।

दक्षिण एशियाली देश जस्तै भारतमा आर्थिक, सामाजिक पक्ष, तथा जातिय भेदभाव व्याप्त रहनु महिला हिंसाका प्रमुख कारणमा पर्दछन् । महिलामाथि हुने हिंसाका कारणहरूमा महिलाहरूमा शिक्षाको कमी हुनु तथा महिलाहरूले आफु माथि हुने हिंसाका घटनाहरू उजुरी तथा जानकारी गर्न नसक्नु हो (Jejeebhoy and cook, 1997, Cited in Tamang 2009)।जब कुनै महिलाहरू सानै उमेरमा वैवाहिक जीवनमा बाधिन्छन त्यसो हुँदा उनीहरूको चेतना स्तर न्यून हुने गर्दछ जसका कारण उनीहरूलाई आफ्ना हक अधिकार, चाहना, इच्छा र कुराहरू राख्न असमर्थ हुने गर्दछन्। (Stark 1993, Schuler et all, 1995,Cited in Puri)।

## २.२ नेपालको सन्दर्भमा :

नेपालको सन्दर्भमा विवाहित महिलाहरू माथि हुने गरेका दुर्व्यवहार र हिंसाजन्य अपराधका बारेमा खोज अनुसन्धान धेरै जसो सोधकर्ताका विषय रहेको भएता पनि सिमान्कृत महिलाहरू माथि हुने अपराधका बारे धेरै थोरैले मात्र खोज गरेको पाइएको छ । कृपा नामक संस्थाद्धारा जारी एक प्रतिवेदनमा यी र यस्ता महिलामाथि हुने गरेका दुर्व्यवहारका बारेमा सुभाव प्रस्तुत् गरिएको छ । उक्त प्रतिवेदन अनुसार करिब ६०% सहभागी महिलाहरूले आफु

हिंसाको शिकार भएको बताएका छन् भने अधिकाशं महिलाहरूले (७०%) यस्ता कुरामा बाह्रय परामर्श नलिएको जनाएका छन् (CREHPA, MAY 2011, Cited in Puri )।

कुनै पनि महिला जन्मदेखी मृत्यु नहुदासम्म व्यक्तिगत रूपमा स्वतन्त्र नभएको अवस्था देखिन्छ । जस्तै जब बच्चा महिलाको रूपमा जन्मन्छ उसले शुरूमा आफ्नो बाबुको नियन्त्रणमा बस्नुपर्छ त्यसपछि जब उसको विवाह हुन्छ उ आफ्नो श्रीमानको सम्पतिको रूपमा दाखिला हुनुपर्छ । श्रीमानको मृत्यु पश्चात पनि उ आफ्नो छोरा नातिको नियन्त्रणमा बस्नुपर्ने बाध्यता छ । तसर्थ एउटा महिलालाई आफ्नो जीवनभर अधिकारको निर्णय गर्नबाट बञ्चित गराई पिजडाको घेरा जस्तै चारैतिरबाट नियन्त्रणमा राख्ने प्रवृति देखिन्छ (Adhikari, 2004)।

नेपालमा महिलामाथि हुने हिंसाहरूमा हाम्रा परम्परागत रूपमा रहि आएका (देउकी, झुमा, बादि, छाउपडी) प्रथाहरू विद्यमान छन् । हिंसागत रूपमा परिभाषित गर्नुपर्दा महिला माथि कसैले मानसिक रूपमा असर पार्ने किसिमले सधै गालीगलौच गर्ने, विभिन्न सामानहरू साना हतियारबाट कुटपिट गर्ने, सानै उमेरमा विवाह गारिनु, विभिन्न प्रलोभनमा परी किशोरीहरूलाई बेचबिखन गरी उनीहरू यौनजन्य क्रियाकलापमा सहभागी गराउन लगाउनु, महिलामाथि छोरा छोरी नपाएर होस वा छोराछोरी पाएको निहुमा बहुविवाह गरिदिने र उनीहरूलाई पछि सबैले हेला गरिनु साथै विवाहित नारीहरूलाई दाइजो प्रथाको नाममा विभिन्न किसिमका तनाव दिने, मानसिक रूपमा सधै हेला गर्ने किसिमका क्रियाकलापहरू महिला माथि हुने हिंसाका प्रकारहरू पर्दछन् (SAATHI, 1997)।

ओरेक नेपालले आभिलेखिकरण गरेका तथा विभिन्न दैनिक पत्रपत्रिकाहरूबाट प्राप्त तथ्याङ्कका आधारमा कार्तिक महिनामा ९२ जना महिलाहरूमाथि हिंसा भएको पाइएको छ । जसमध्ये सबैभन्दा बढि घरेलु हिंसाका २६ वटा घटना रहेका छन् । ओरेक नेपालद्धारा प्रकाशित महिला हिंसा विरूद्धको वर्ष पुस्तक ‘ अन्वेषी २०११ ’ मा पनि अभिलेखिकरण गरिएका घटनाहरूमध्ये सबैभन्दा बढि ६७ प्रतिशत महिलाहरूमा घरेलु हिंसा रहेको पाइएको छ । त्यसमा पनि सबैभन्दा बढि ७४ प्रतिशत महिलाहरू आफ्नौ श्रीमानबाट हिंसामा परेका र २६ प्रतिशत परिवारका अन्य सदस्यबाट हिंसा खप्न बाध्य रहेको तथ्याङ्क पाइएको छ । महिलाहरू सबैभन्दा बढि आफ्नै घरपरिवारबाट हिंसा खेप्न बाध्य छन् भन्ने कुरालाई यस तथ्याङ्कले पनि पुष्टि गरेको छ । ( ओरेक नेपाल २०६८, मासिक प्रतिबेदन कार्तिक ) ।

ओरेक नेपालका अनुसार कार्तिक महिलामा १७ जना महिलाहरूमाथि कुटपिट ११ जना महिलाहरूको हत्या तथा ३ जना महिलाहरूमाथि हत्याको प्रयास भएको छ । जसमा श्रीमानका कुटाइका कारण, दाइजोका कारण, बलात्कार पश्चात महिलाहरूको हत्या भएको पाइएको छ । ११ जना महिलाहरूमाथि यौनशोषण भएको छ । त्यस्तै गरी ५ जना महिलाहरूमाथि बोक्सीको आरोपमा शारीरिक यातना तथा मलमुत्र खुवाउने, कालोमुसो लगाएर गाउँ निकाल्ने प्रयास जस्ता अमानविय व्यवहार भएको पाइएको छ (ओरेक नेपाल २०६८, कार्तिक ) ।

हाम्रो समाजमा जे जति घरेलु हिंसाका घटना हुन्छन तिनीहरूमा प्राय जसो विवाहित वा एकल महिलाहरू परेका हुन्छन् । कपिलबस्तुमा गरिएको अध्ययन अनुसार अध्ययन अवधिमा करिब ८४ प्रतिशत विवाहितहरूले घरेलु हिंसाको शिकार भएको बताएका थिए भने अविवाहितहरूले पनि आफु माथि घरेलु हिंसा भएको बताएका थिए त्यस्तै गरी १३ प्रतिशत एकल महिला पनि घरेलु हिंसाको शिकार भएका अभिलेखले देखाइएको छ (साथी, २०६६ ) ।

महिला र बालबालिकाको बेचविखन नेपालका सबै भौगोलिक र विकास क्षेत्रमा विद्यमान छ र नेपालमा गम्भिर समस्या मानिएको छ महिला तथा बालबालिका तथा सामाजकल्याण मन्त्रालयले भने पाँच विकास क्षेत्रका विभिन्न २६ जिल्लाहरूलाई मानव बेचविखनको जोखिम भएका जिल्लाका रूपमा पहिचान गरेको छ । बेचविखन गरिएका व्यक्तिहरूका सम्बन्धमा तथ्याङ्कमा भने विभिन्नता पाइन्छ । ILO को प्रतिबवदनमा बर्षेनी यौनशोषणको उद्देश्यले १२ हजार व्यक्तिको बेचबिखन ओसारपसार हुने गरेको देखाएको छ भने परम्परागत तथ्याङ्कमा यस्तो संख्या ५ - ७ हजार रहेको मानिदै आएको छ । अर्को अनुमान अनुसार भारतका बेश्यालयहरूमा मात्रै २ लाख नेपाली चेलीहरू रहेका छन् । ( माइती नेपाल एन डी ) महिला तथा बालिकासम्बन्धी अध्ययनहरूले बेचबिखन पीडित मध्ये ७२% बालिकाहरू १८ वर्ष मुनिका रहेको देखाइका छन् । बालिकाहरूमा बेचबिखनको सबैभन्दा बढि जोखिममा रहेको उमेर ११-१२ वर्ष (७५%) रहेको छ भने त्यसपछि १९ - २५ को उमेर समुह ( १८.३%) रहेको छ । वेचविखनको जोखिममा रहेका बालकहरूका हकमा ६ - १२ वर्षका बालकहरू सबैभन्दा बढि ( ८०%) जेखिममा रहेका छन् भने त्यसपछि १२ - १८ को उमेर समुहका बालिकाहरू (२०%) रहेका छन् ( मानव बेचबिखन राष्ट्रिय प्रतिवेदन, २०६२ ) ।

नेपाल धर्म निरपेक्ष राज्य भनी घोषणा पनि भइसकेको छ । तर विगत देखि अहिलेसम्म धर्म र संस्कृतिको नाममा महिलाहरूले जुन उत्पीडन भोग्दै आएका छन् त्यस्ता कुरालाई व्यवहारबाटै अन्त्य गरिनु पर्दछ । महिलालाई निति निर्माण गर्ने थलोमा पुऱ्याउने, महिला शिक्षाको व्यवस्था निशुल्क हुनुपर्छ, त्यस्तै गरी प्रजनन स्वास्थ्य, रोजगारी, नागरिकताको सवाल, अंश र बंशजको अधिकारलाई महिलाको मौलिक हकमा अबको संविधानमा गर्नुपर्दछ । अहिले सम्मको महिला आन्दोलनलाई हेर्दा नालापानीको लडाई देखी लिएर २००७, २०१७, २०२८, २०३६ सालको आन्दोलन र २०४६ सालको जनआन्दोलन, जनयुद्ध, १९ दिने जन आन्दोलन सबैलाई हेर्दा महिलाहरू थुप्रै आन्दोलनमा सहभागी भएको पाइन्छ । तर हक अधिकार पाउने बेलामा भने महिलाहरू धेरै पछाडी परेका छन् । त्यसैले महिला मुक्ति आन्दोलनलाई वर्गिय आन्दोलनसंगै लैजानुपर्दछ (चौधरी, २०६६) ।

महिला तथा बालबालिका माथि घरभित्र हुने दुर्व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन् । महिलाहरू आफ्नै घरभित्र बेचिन्छन् , बलात्कार हुन्छन् , जबरजस्ती देहब्यापारमा लगाइन्छन् यौनदासको रूपमा राखिन्छन् , जबरजस्ती गर्भवती बनाइन्छन् । वालविवाह, अनमेल विवाह, वहुविवाह, विधवाप्रतिको दुर्व्यवहार आदि पनि घरेलु हिंसा अर्न्तगत कै हिंसाहरू हुन ( थपलिया, २०५८ ) ।


महिलाहरू घरभित्र वा घरबाहिर गर्नका लागी सुरक्षित वातावरण हुनु भनेको आधारभुत मानव अधिकार संग जोडिन्छ । यद्यपी प्राचिन नेपाली सामजिक प्रकृया अनुसार यस्तो हुन सकिरहेको छैन कारण यो की महिला विरूद्धको हिंसाले नेपाली समाज पनि अछुतो छैन जसले सामाजिक विकास र महिला विकासमा बाधकको रूपमा रहेको छ । महिला विरूद्धको हिंसा पुरूष प्रधान परिवारसंग जोडिएको साधारण कुरा बन्न गएको छ जुन नेपाली सामाजको पितृसत्तात्मक संरचनाले स्पष्ट गर्दछ । धेरै किसिमका हिंसाहरू निम्न आर्थिक अवस्थाका कारणले निम्त्याउने गर्छ । जहाँ महिलाहरू आर्थिक रूपमा कमजोर छन् उनीहरूको आफ्नो बैकल्पिक सुरक्षाको बाटो नहुँदा पीडित हुने गरेका पाइएको छ । पीडितहरू प्राय युवतीहरू र जो आत्माविश्वासको कमी भएका हुन्छन् त्यस्ता पीडितहरू साधारणतया फरक र नकारात्मक ढंगबाट सहयोग पाउने आशामा पीडित हुन पुग्दछन् । महिला पीडितहरू जो हिंसाबाट ग्रसित छन् मात्रै तिनीहरूलाई व्यवसायीक परामर्शको आवश्यकता छैन तर तिनीहरूलाई कानुनी

मनोबैज्ञानिक र सामाजिक प्रकृियाबाट साथ मिल्ने किसिमको सहयोगको खाँचो छ (Ahuja Ram, 1998)।

वास्तवमा भन्ने हो भने महिला विरूद्धको भेदभावले गर्दा उनीहरू आफ्नो अवस्था र स्थितीमा सुधार गरी समाजमा सुखी जीवन बिताउन ऐतिहासिक रूपले नै उपेक्षित रहेका छन् । नेपालमा घरेलु हिंसालाई नियन्त्रण तथा सजाय गर्ने पर्याप्त कानुनको व्यवस्था गर्नुपर्ने छ र महिलाको सम्पति माथिको अधिकार केही मात्रमा सीमित नै रहेको छ । मानव विकास सम्बन्धी लौङ्गिक भेदभावका परिसूचकले लिङ्गमा आधारित वास्तविक विभेदलाई यर्थाथ रूपले चित्रण गरेको छ र यो चित्रण पुरूषमा भन्दा महिलामा टड्कारो रुपमा देखा पर्दछ । यसले सामान्य जीवन बिताउनको लागी आवश्यक अवसरमा पनि पक्षपात छ भन्ने कुराको चित्रण गर्दछ । हालको सक्रिय जनसंख्या मध्ये महिलाको संख्या पुरूषको भन्दा बढी छ तर उनीहरूको अत्याधिक समय कम उत्पादनशील क्रियाकलाप र घरेलु काममा वित्ने गर्दछ । यसका अतिरिक्त महिला जनसंख्याको ठुलो हिस्सालाई कानुनबाट पूर्ण संरक्षित नगरिएसम्म उनीहरूलाई अनौपचारिक क्षेत्रको अभिलेखमा उल्लेख नहुने ज्यालाविहिन पारिवारीक कामदारबाट माथि उठाउन र बैदेशिक रोजगारीका अवसहरू विस्तार गर्न अत्यावश्यक छ (राष्ट्रिय कार्य योजना, २०६०) ।

कपिलबस्तु जिल्लामा साथी संस्थाले २०६६ मा गरिएको नमुना अध्ययनमा प्राप्त तथ्याङ्कको आधारमा घरेलु हिंसा अर्न्तगत पीडितहरू मानसिक यातनाबाट सबै भन्दा धेरै (७३ प्रतिशत) सताइएका थिए भने त्यसपछि शारीरिक (३२ प्रतिशत) र आर्थिक (२३ प्रतिशत) यातनामा परेका थिए । त्यस्तै पीडित र पीडकको हिंसाको प्रकृतिको आधारमा हेर्दा सबै भन्दा बढि ४७.८ प्रतिशत श्रीमतीहरू श्रीमानबाट विभिन्न कारणबाट पीडित भएको तथ्याङ्कले देखाएको छ । खासगरी रक्सी खाएर श्रीमानले पिट्नु सबैभन्दा धेरै भएको घटना हो भने गाली बेइज्जती, विनाकारण पिट्ने, शंका गर्ने, खान बस्न नदिने, बहुविवाह वा घरबाट निकाली दिने, छोराछोरीलाई मट्टितेल खन्याउने, छोरी छोरी पायो भनेर पिट्ने क्रमशः महिलाले भोगेका घरेलु हिंसाका प्रकृति हुन् (साथी, २०६६) ।

## २.३ महिला विरुद्धका घरेलु हिंसाको अवधारणात्मक खाका




(स्रोत :महिलाविरुद्ध हुने हिंसासम्बन्धी कानुनी व्यवस्थाहरुको जानकारी पत्र ।)

माथिको खाका महिलाविरुद्ध हुने हिंसासम्बन्धी कानुनी व्यवस्थाहरुको जानकारी पत्रवाट प्रभावित भई प्रस्तुत गरेको छु ।

**शारीरिक हिंसा** : शारीरिक हिंसा अर्न्तगत कुटपिट गर्नु, जलाउनु, घाउ चोटपटक लगाउनु, एसिड वा अन्य रसायन प्रयोग गरेर कुरुप बनाइ दिने, कपाल समातेर तान्ने आदि जस्ता हिंसाहरु पर्दछन ।

**मानसिक हिंसा** : मानसिक रुपमा असर हुने खालका सम्पूर्ण हिंसाहरुलाई मानसिक हिंसा भनेर भनिन्छ । जस्तै गाली गलौज गर्नु, डर, धम्की, त्रासपूर्ण व्यवहार, झुठ्टा आरोप, बेइज्जत, भेदभाव, भावनात्मक चोट पुग्ने भनाई आदि हिंसा यस अर्न्तगत पर्दछन् ।

**यौनजन्य हिंसा** : कुनै पनि महिलाहरुको इच्छा विपरित गरिने निर्दयी यौनजन्य क्रियाकलापहरु जस्तै : बलात्कार गर्नु, यौनजन्य दुर्व्यवहार, यौन यातना तथा शोषण, हाडनाता

करणी, बैवाहिक बलात्कार, मानव बेचबिखन तथा ओसार प्रसार, विभिन्न अश्लिल चित्रहरु, भिडियोहरु देखाउनु आदि यौन सम्बन्धी हिंसाहरु हुन् ।

**आर्थिक हिंसा :**

आर्थिक हिंसा अर्न्तगत विभिन्न आर्थिक स्रोत र साधनहरु माथि महिलाहरुलाई बञ्चित/प्रतिबन्ध गराउनु, समान कामको लागी असमान ज्यालाको ब्यवस्था हुनु त्यस्तै घरभित्रको आर्थिक कारोबारमा पनि महिलाहरुलाई बन्देज लगाउनु आदि पर्दछन् ।

**सामाजिक हिंसा :**

सामाजिक ह्रिसा अर्न्तगत वालविवाह, बहुविवाह, जवरजस्ती विवाह, ढाँटी विवाह, घरेलु हिंसा, दाइजो जनित हिंसा आदि पर्दछन् ।

**प्रथा/परम्पराजनित हिंसा :**

परम्पराजनित हिंसा अर्न्तगत परम्परागत मुल्य मान्यताहरु जस्तै : देउकी, बादी, झुमा, छुवाछुत, छाउपडी, बोक्सीको आरोपमा यातना दिनु आदि पर्दछन् । परम्पराको नाममा महिलालाई मन्दिरमा चढाउनु, महिलालाई महिनावारी भएको अवस्थामा वा सुत्केरी भएको अवस्थामा घरदेखी टाढा गोठ वा कटेरोमा लगेर राख्ने, बोक्सीको आरोपमा मलमुत्र खुवाइ यातना दिने जस्ता हिंसा परम्पराजनित हिंसा अर्न्तगत पर्दछन् ।

समष्टिगत रुपमा भन्नुपर्दा महिलाहरु सामाजिक, शारीरिक, धार्मिक, आर्थिक सम्पूर्ण क्षेत्रहरुमा हिंसाको शिकार भएको पाइन्छ । हिंसा कुनै पनि मानिस माथि गरिने शारीरिक, मानसिक यातना गाली गलौच कुटपिट आदि हुन । हिंसा महिला पुरुष बालबालिका जसका विरुद्धमा पनि हुन सक्छ साथै हिंसा गर्ने कार्य पनि महिला पुरुष जुनसुकै वर्गबाट पनि हुनसक्छ । यस अध्ययनमा महिला विरुद्ध हुने घरेलु हिंसाको बोरमा चर्चा गरिएको छ । अध्ययनका क्रममा महिला प्रति हुने घरेलु हिंसाको कारणहरु खोज्ने प्रयास गरिएको छ ।

# अध्याय - तीन

## अनुसन्धान पद्धती

महिला विरूद्धको घरेलु हिंसा विरूद्ध आज जति आवाजहरू उठाएपनि यस प्रति गहन अध्ययन कमै भएको र यहाँ अध्ययन गरिएको समाजमा महिला हिंसा व्यापक रहेकोले तत्सम्बन्धी जानकारी लिनको लागी उपरोक्त क्षेत्रमा यस विषयमा अनुसन्धान गरिएको छ । यस अर्न्तगत निम्न बुदाँहरूका साथै अध्ययन क्षेत्रको सामान्य परिचय र घरेलु हिंसा पीडित महिलालाई हेर्ने सामाजिक संस्था (दाउन्ने देवी पाराीलगल कमिटि) को बारेमा पनि सामान्य रुपमा चर्चा गरेका छ ।

### ३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य :

यस अध्ययनमा अध्ययन क्षेत्रका रूपमा नवलपरासी जिल्ला दाउन्ने देवी गा.वि.सको वडा नं. ५ जुन मेरो घर निकट रहेको छ । जहाँका महिलाहरू घरेलु हिंसाबाट के-कति रूपमा पीडीत भएका छन् भन्ने कुरालाई गहन रूपमा अध्ययन गर्न खोजिएको छ । नवलपरासी जिल्ला नेपालको परिवेशमा हेर्दा एक तराई तथा ग्रामीण जिल्ला हो । त्यस जिल्लामा रहेको दाउन्ने देवी गा.वि.स -५ मा रहेका महिलाहरूको जनजिवन निकै कष्टकर ढंगबाट अगाडि बढिरहेको सन्दर्भलाई यहाँ उजागर गर्न खोजिएको छ । जहाँ मानविय न्यूनतम आधारमा आवश्यकताको अभाव हुन्छ त्यहाँ झगडा तथा हिंसाका घटना पनि हुन्छ । जो निमुख अनि असहाय छ । हिंसा पनि उहि माथि नै हुने गर्दछ । त्यसैले हिंसाको ठुलो भारलाई काधमा बोक्न बाध्य भएका यहाँका माहिलाहरूको पीडालाई यहाँ अध्ययन गर्ने विषयबस्तुको रूपमा लिइएको छ ।

### ३.२ अनुसन्धान ढाँचा :

अध्ययनका रूपमा वर्णनात्मक तथा अन्वेषणात्मक दुवै विधीको प्रयोग गरिएको छ । यसै क्रममा महिलाहरूको सामाजिक, आर्थिक अवस्था उनीहरूले भोगेका हिंसा तथा हिंसाका

कारणहरू र बचाउका उपायहरूलाई सामान्य रूपमा वर्णन गरी महिला माथि हुने गरेका घरेलु हिंसाको अवस्थालाई प्रष्टाउने प्रयास गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता र नमुना छनौट :

हिंसापीडित महिलालाई कानुनी उपचारको निमित्त विभिन्न संघ सस्थाहरू खुलेका छन् । यी संघ संस्थाले महिलाहरू माथि न्यायको आवाज उठाउने हुँदा महिलाले यस्ता संघ संस्थामा आफ्नो पीडाको उजुरी गरी सहयोगको याचना गर्ने परिपाटीको पनि विस्तारै विकास हुँदै गएको छ ।

प्रस्तुत अध्ययनको समग्रतामा दाउन्ने देवी गा.वि.सको वडा नं. ५ मा ४१२ घर परिवार छन् जस मध्येबाट Snowball Sampling Method प्रयोग गरी ४५ घर परिवारलाई छनौट गरिएको छ त्यस ४५ घरका प्रत्येक घरबाट १ - १ जना महिला पर्ने गरी उत्तरदाताको रूपमा ४५ घरको अध्ययन गरिएको छ । ४५ जना घरेलु हिंसा पीडित महिलाहरू मध्ये सबभन्दा पहिला एक जना पीडित महिलासंग प्रश्न सोधिएको छ र तपाई जस्तै पीडित महिलाहरु अरू पनि कोहि छन् भनी प्रश्न गरिएको छ र उहि महिलाका अनुसार नै अन्य पीडित महिलाहरूलाई प्रश्न सोधिएको छ । ४५ जना महिलाहरू मध्येबाट ५ जना महिलाहरूको व्यक्तिगत अध्ययन (Case Study) गरिएको छ । त्यस्तै प्रमुख जानकार व्यक्तिहरूमा (पारालिगल कमिटीकी अध्यक्ष एवम् शिक्षिका, गा.वि.सका अध्यक्ष, समाजसेवी, मानव अधिकार कर्मी, कानुनी व्यवसायी) पर्ने गरी उद्देश्य पूर्ण नमुना छनौट विधी (Purposive Sampling Method) प्रयोग गरी ५ जना व्यक्तिहरूलाई प्रश्न सोधिएको छ ।

## ३.४ तथ्यहरूको स्रोत तथा प्रकृति :

यस अध्ययनको क्रममा गुणात्मक तथा संख्यात्मक तथ्याङ्कको प्रयोग गरिएको छ । प्राथमिक तथा द्धितिय स्रोतको प्रयोग गरी अध्ययनका क्रममा तथ्याङ्कको संकलन गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन, उत्तरदातासँगको अर्न्तवार्ता, मुख्य सुचनादाता सँगको अर्न्तवार्ता

आदिबाट गरिएको छ । द्वितिय तथ्याङ्क लिदा स्थानिय संघ संस्थाको रेकर्ड यस सम्बन्धमा प्रकाशित भएका लेख रचना आदिबाट लिइएको छ ।

### ३.५ तथ्याङ्क संकलन विधीहरू :

अनुसन्धान कर्ताले आफ्नो अनुसन्धानको उद्देश्यबारे स्पष्ट भई तथ्याङ्क संकलन गर्नुपर्दछ । संकलित तथ्याङ्कको आधारमा नै सम्पूर्ण अनुसन्धान कार्यको परिणामलाई देखाउन सकिने भएकाले सत्य तथ्य सुचना संकलनमा विशेष जोड दिनुपर्छ । अध्ययनका क्रममा निम्न लिखित विधीहरू अपनाइएको छ ।

#### ३.५.१ प्राथमिक स्रोत :

अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलन गर्न अनुसन्धान कर्ता स्वयम्ले प्रत्यक्ष रूपमा उत्तरदातालाई भेटेर प्रंश्न गर्ने, अवलोकन गर्ने, सहभागी हुने र उत्तरदाता समक्ष विभिन्न रूपबाट आवश्यक तथ्याङ्क संकलन गरिन्छ ।

अध्ययनको क्रममा प्राथमिक स्रोत अर्न्तगत छनौटमा परेका महिलाहरूको अर्न्तवार्ता, प्रमुख जानकार ब्यक्तिको अर्न्तवार्ता आदि विधी अपनाइएको छ ।

##### ३.५.१.१ अर्न्तवार्ता :

अध्ययनका क्रममा घरेलु हिंसा पीडित ४५ जना महिलाहरु मध्ये सबभन्दा पहिला सम्भना थारुसंग अर्न्तवार्ता लिइएको थियो । अध्ययन क्षेत्र मेरो घर नजिकै पर्ने भएकोले त्यस क्षेत्रका बासिन्दालाई राम्रोसंग चिनेको थिए त्यसैले अध्ययन क्षेत्रमा अर्न्तवार्ता लिन जादा कसैको सहयोग नलिइ सिधै सम्भना थारुसंग अर्न्तवार्ता लिइयो र उहाँ मार्फत अन्य महिलासंग पनि अर्न्तवार्ता लिइयो । अध्ययनका क्रममा आवश्यक सामग्री प्राप्त गर्नका लागी व्यक्तिगत रूपमा अर्न्तवार्ता लिइयो भने अर्न्तवातामा सोधिएका प्रश्न अर्धसंरचित खालका रहेका थिए अर्न्तवार्ताका लागी उमेरको हद तोकिएको थिएन किनभने जुन उमेर समुहका महिलामाथि पनि घरेलु हिंसा हुने गर्दछ उत्तरदाताको अनुकुल समय मिलाई अर्न्तवार्ता लिइयो । उक्त अर्न्तवार्ता

सामाजिक, आर्थिक पृष्ठभुमि, हिंसा हुनाका कारण यसको असर र यसप्रति सम्बन्धीत महिलाहरूको अवधारणा सम्बन्धी तथ्याङ्क संकलन गरियो ।

### ३.५.१.२ व्यक्तिगत अध्ययन :-

दाउन्ने देवी गा.वि.स वडा नं. ५ मा बस्ने घरेलु हिंसाबाट पीडित महिलाहरू मध्ये ५ जना महिलाहरूको व्यक्तिगत अध्ययन (Case Study) गरिएको छ । जसमा साबिना गुरूङ्ग, सम्भ्कना थारू, चमेली गुरूङ्ग, मेनुका श्रेष्ठ, बिनिता परियार रहेका छन् (नाम परिवर्तन गरिएको) । यी ५ जना महिलाहरू एकै किसिमका हिंसाबाट पीडित नभई विभिन्न प्रकारका हिंसाबाट पीडित रहेका छन् । उनीहरूको बालअवस्था देखी हाल सम्मका अवस्थालाई समावेश हुने गरी अध्ययन गरिएको छ ।

### ३.५.१.३ प्रमुख जानकार व्यक्तिहरूसँगको अर्न्तवार्ता :

अध्ययनका क्रममा आवश्यक तथ्याङ्क एवम् जानकारी प्राप्त गर्नका लागी निम्न व्यक्तिहरू सँग अर्न्तवार्ता लिइएको छ ।

१) दाउन्ने देवी गा.वि.स का अध्यक्ष – १

२) पारालिगल कमिटीकी वर्तमान अध्यक्ष – १

३) समाज सेवी – १

४) मानव अधिकारकर्मी – १

५) कानुन व्यवसायी – १

अर्न्तवार्ताका क्रममा हिंसाका कारण, प्रकार तथा समाधानका प्रयासहरूको बारेमा प्रश्न सोधी संकलन गरिएको छ ।

### ३.५.२ द्वितिय स्रोत :

अनुसन्धान कर्ताले आफ्नो अनुसन्धानको विषय अनुरूप द्वितिय स्रोतबाट तथ्याङ्क संकलन गरिन्छ । यस अर्न्तगत विभिन्न लेख, रचना, समिक्षा प्रकाशन अभिलेख, ब्यक्तिगत डायरी, पत्रपत्रिका, जीवन बृतान्त, कुनै ब्यक्ति संगठन कार्यालय आदिबाट द्वितिय तथ्याङ्क संकलन गरिन्छ । अध्ययनको क्रममा द्वितिय तथ्याङ्क सम्बन्धीत संस्थाहरूमा दाउन्ने देवी पारालिगल कमिटीका साथै अन्य संघसंस्था, कार्यालयबाट पुस्ताकालय पुस्तकहरू संकलन गरी तथ्याङ्क लिइएको छ ।

### ३.५.३ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण :

अध्ययनका क्रममा लिइएका संख्यात्मक तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरी प्रतिशतमा वर्णन गर्ने कार्य गरिएको छ भने गुणात्मक प्रकारको सुचनाहरूलाई आवश्यकता अनुसार ब्याख्या र वर्णन गरिएको छ ।

## ३.६ अध्ययनको सीमा :

हिंसाको क्षेत्र बृहत भएको कारणले गर्दा यस अध्ययनमा निम्न प्रकारको सीमितता रहेको छ ।

- यस अध्ययनले नेपालका सबै महिला वर्ग प्रति हुने गरेका घरेलु हिंसाको प्रतिनिधित्व गर्न सक्ने छैन ।
- स्नाकोत्तर अध्ययनको लागी आंशिक आवश्यकता पूर्तिका लागी सीमित क्षेत्र भित्रका सबै महिलालाई समेट्न सकिएको थिएन । त्यसैले नवलपरासी जिल्लाको दाउन्ने देवी गा.वि.स वडा नं. ५ को हिंसा पीडित क्षेत्रका महिलाको मात्र अध्ययन गरिएको छ ।
- घरेलु हिंसामात्र लैङ्गिक आधारमा अध्ययन गरिएको छ ।

## ३.७ गोपनियता :

दाउन्ने देवी गा.वि.स वडा नं. ५ का उत्तरदता ४५ जना महिलाहरु मध्ये ५ जना महिलाहरुको व्यक्तिगत अध्ययन गरिएको थियो । जसमा (सबिना गुरुङ्ग, सम्झना थारु, चमेली गुरुङ्ग, मेनुका श्रेष्ठ, बिनिता परियार) रहेका छन् । यिनीहरु एकै किसिमका हिंसाबाट पीडित नभई विभिन्न प्रकारका हिंसाबाट पीडित भएका थिए । यहाँ ५ जना महिलाहरुको नाम परिवर्तन गरेर राखीएको छ ।

## ३.८ अध्ययन क्षेत्रको सामान्य परिचय :

### ३.८.१ भौगोलिक अवस्था :

नवलपरासी पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलमा अवस्थित जिल्ला हो । झट्ट सुन्दा तराई जिल्लाको रुपमा बुझिने भएता पनि नजिकैबाट चिन्ने व्यक्तिले यसलाई ३ जिल्ला भनेर चिन्दछन् । यो जिल्ला पहाड, भित्री मधेश र तराई गरी तिन खण्डमा विभाजित छ । यसको पुर्वमा चितवन, दक्षिणमा भारत, पश्चिममा रूपन्देही र उत्तरमा पाल्पा र तनँहु जिल्ला पर्दछन् । यसको क्षेत्रफल २, १६३ वर्ग कि.मी. रहेको छ । अक्षांश तथा देशान्तरको हिसाबले यसको स्थिती हेर्ने हो भने ८६ डिग्री ३६ मिनेट पुर्वी देशान्तर देखि ८४ डिग्री २५ मिनेट पुर्वी देशान्तर सम्म र २७ डिग्री २१ मिनेट उत्तरी अक्षांश देखी २७ डिग्री ४७ मिनेट उत्तरी अक्षांस सम्म फैलिएको यो जिल्ला ७३ गा.वि.स १ नगरपालिकामा विभक्त छ । जसमा २०५८ सालको जनगणना अनुसार २८४६३९ महिला र २७७१२६ पुरूष गरी कुल मिलाएर जम्मा ५६१७६५ जनसंख्या रहेको यस जिल्लाको कुल साक्षरता ५३.२५ प्रतिशत रहेको छ । ( जिल्ला शिक्षा कार्यालय, नवलपरासी -२०६७ )

### ३.८.२ दाउन्ने देवी गा.वि.स :

दाउन्ने देवी गा.वि.स अर्न्तगतको वाड नं. १ कुकुरमारा २०३९ साल पूर्व माकर गा.वि.स वार्ड नं. ५ रहेको थियो । तत्कालिन अवस्थामा हालको दाउन्ने देवी गा.वि.स वन सिमाना भित्र पर्दथ्यो । पहाडबाट तराई झर्ने क्रम बढ्दो अवस्थामा मानिसहरू आएर वन फडानी गरी

कुकुरमारा (हालको वार्ड नं. १) मानिसहरू बसोबास गर्दै आएको थिए भने अन्य हालका सबै वाडहरू बनजङ्गलले ढाकिएको थियो । २०३४ सालमा छानविन समितीले विभिन्न ठाउँमा बसोबास गर्दै आएका सुकुम्बासीहरूलाई छानवीन गरी भुमिहिन व्यक्तिहरूलाई जग्गा दिने निर्णय भयो । उक्त निर्णय बमोजिम नेपाल सरकार (तत्कालिन अवस्थाको श्री ५ को सरकार) जंगल फडानी गरी भुमिहिन किसानलाई बसोबास नेपाल पुर्नवास कम्पनी (हाल ग्रामिण आवास कम्पनी) मार्फतले बसोबास गराइएको हो । उक्त क्षेत्रमा लालपुर्जा भएको जग्गा थिएन सम्पूर्ण वनजंगलले घेरिएको वन सिमाना भित्र पर्दथ्यो । ग्रामिण आवास कम्पनी मार्फत बसोबास गराई कृषि उत्पादन नभए सम्मको लागी खाद्यन्न समेत वितरण गरी खेतिपाती गर्न लगाइएको थियो । मानिसको जिवनस्तर एकदम कमजोर थियो । विभिन्न जिल्लाबाट आएका विभिन्न जनजातिहरूको बसोबास भएको क्षेत्र हो र त्यसरी बसोबास गराइएको सम्पूर्ण माकर गा.वि.स. भित्र नै रहेको थियो । सरकारबाट बसोबास गराइएका मानिसको चाप र जनधनत्व बढि भएकोले २०३९ सालमा उक्त बसोबास भएको क्षेत्रलाई दाउन्ने देवी गा.वि.स. नामाकरण गरि छुट्टै गा.वि.स. बनाइएको हो । ( सरस्वती उच्च माध्यमिक विद्यालयका प्रधाननाध्यापक श्री राधाकृष्ण अधिकारीज्यूबाट मौखिक अर्न्तवार्ता लिइएको हो ) ।

### ३.८.३ दाउन्ने देवी गा.वि.स वडा नं ५ :

नवलपरासी जिल्लाका ७३ गा.वि.स. मध्ये यस शोध अध्ययनको उद्देश्य प्राप्तिका लागि दाउन्ने देवी गा.वि.स. वार्ड नं. ५ छनौट गरिएको हो । जिल्ला सदरमुकाम देखि करिब २२ कि.मी दक्षिणमा अवस्थित यस गा.वि.स. को पुर्वमा चुरे पहाड पश्चिममा खजुरा खोला र माकर गा.वि.स. पर्दछ भने उत्तरमा चुरे पहाडको (दाउन्ने) पहाड र दक्षिणमा जमुनिया र रूपैलिया गा.वि.स. पर्दछ । तराई क्षेत्र भित्र परेपनि जमिनको अवस्था समतल नभई उवड र खावड किसिमको छ । यस गा.वि.स. मा ९ वटा वडाहरू रहेका छन् भने यस अध्ययन क्षेत्रका लागि ५ वडाका महिलाहरूलाई उत्तरदाताको रूपमा छानिएको छ ।

### ३.८.३.१ दाउन्ने देवी गा.वि.स. को सामाजिक अवस्था :

विभिन्न जनजाति रहेको यस गा.वि.स.को सामाजिक संरचना विविध प्रकारको छ । विभिन्न जिल्लाबाट बसाइ सरी आएको हुनाले विभिन्न जनजातिहरू बसोबास गर्दछन् । ब्राम्हण, क्षेत्री, गुरूङ्ग, मगर, कुमाल, थारू, नेवार दलित आदि जातिको बसोबास छ । तराई मुलका भन्दा पहाडी मुलका मानिसहरूको बाहुल्यता बढि छ ।

### ३.८.३.२ दाउन्ने देवी गा.वि.स.को आर्थिक अवस्था :

यहाँका अधिकांश मानिसहरूको पेशा कृषि हो । त्यसको साथै केहि मानिसहरू व्यापार व्यवसाय र जागिरमा लागेका छन् केही भुतपूर्व सैनिकहरू छन् । केहि मानिसहरू गरिवीको कारण वनजंगल फडान गरी अबैध रूपमा दाउरा काट्ने र काठहरू काट्ने गर्दछन् । दाउरा र काठहरू सिमापारी भारत लगेर बेची जीवन निर्वाह गर्दछन् । रोजगारीको अभाव छ र हाल आएर यहाँका मानिसहरू विदेश जाने गर्दछन् यसरी नै यहाँका मानिसहरूको जीवन पद्धती चलेको छ ।

### ३.८.३.३ दाउन्ने देवी गा.वि.स.को शैक्षिक अवस्था :

नयाँ बस्तीको रूपमा भएकोले यस क्षेत्रमा विद्यालयहरू थिएन् । शिक्षा हासिल गर्न टाढा जानु पर्दथ्यो । त्यसैले शिक्षा क्षेत्रमा पिछडिएको गा.वि.स. हो ।

यस दाउन्ने देवी गा.वि.समा हाल २ वटा उच्च माध्यमिक विद्यालय, २ निम्न माध्यमिक विद्यालय र ४ प्राथमिक विद्यालय छन् । शैक्षिक क्षेत्रमा यो गा.वि.स बामे सर्दैछ ।

### ३.८.३.४ दाउन्ने देवी गा.वि.सको स्वास्थ्य स्थिती :

दाउन्ने देवी गा.वि.समा एक वटा उपस्वास्थ्य चौकी रहेको छ जुन यसै गा.वि.सको वडा नं. ५ मा अवस्थिती छ । जसमा अ.हे.व प्रमुख रहेका छन् । जहाँ सामान्य रोगको उपचार गरिन्छ । यदि बिरामीलाई ठूलो रोग लागेको खण्डमा सोहि उप स्वास्थ्य चौकी द्वारा अन्य ठाउँमा पठाइन्छ । गर्भवती महिलाहरू, सर्पले टोकेका मानिसहरू र अपरझट भएका

विरामीहरूलाई उपचार बेलैमा नपाएर समयमा पुऱ्याउन नसक्दा अकालमानै मरेका छन् । त्यसैले यस क्षेत्रको स्वास्थ्य स्थिति नाजुक खालको छ ।

### ३.८.३.५ धार्मिक तथा भाषिक स्थिति :

विभिन्न जिल्लाबाट बसाइसरी यस क्षेत्रमा बसोबास गर्दै आएका यहाँको बासिन्दाको धर्म संस्कृतिमा पृथकतामा पाइन्छ । पृथक धर्म संस्कृति भएका मानिस एकै ठाउँमा बस्दै आएपनि एक आपसमा मेलमिलाप तथा धार्मिक सहिष्णुता यहाँका मानिसमा कायम रहेको पाइन्छ । यस क्षेत्रमा हिन्दु, वौद्ध, लगायतका धर्म मान्ने मानिसहरू बस्दै आएका छन् ।

यस क्षेत्रका अधिकांश मानिसहरू हिन्दु धर्म मानेका छन् भने कम मात्रामा वौद्ध, क्रिश्चियन धर्म मान्नेहरू छन् । पृथक - पृथक मातृभाषा भएका मानिसहरू यस क्षेत्रमा बसोबास गर्दै आएका भए पनि बोलिचालिमा नेपाली भाषाको नै बढि मात्रामा प्रयोग हुने गरेको छ । नेपाली भाषा देशको राष्ट्रभाषा हुनाका साथै आधिकांश मानिसहरू बुझ्ने भएका कारण पनि यो भाषा अन्य क्षेत्रमा जस्तै यस क्षेत्रमा पनि बहुप्रचलित भाषा बन्न पुगेको छ । यस क्षेत्रका मानिस आफ्नो संस्कृति परम्परा अनुरूप जन्म देखी मृत्यु पच्यान्तका संस्कारको अवलम्बन गर्दछन् । देशको अन्य क्षेत्रमा जस्तै गरी अध्ययन क्षेत्रका मानिसहरू पनि धर्म परिवर्तन तर्फ लागिरहेका छन् ।

## ३.९ घरेलु हिंसा पीडित महिलालाई हेर्ने सामाजिक संस्थाको सामान्य परिचय :

### ३.९.१ दाउन्ने देवी पारालिगल कमिटी :

यस संस्थाको स्थापना २०५६ साल असोजमा भएको हो । २०५६ साल देखी कार्य शुभारम्भ भएको पारालिगल कमिटी शुरूमा सेलर्ड ( कानुनी अन्वेषण तथा स्रोत विकाश केन्द्र ) द्वारा सञ्चालित थियो । २०६१ साल भाद्रमा पुनरगठन गरियो अहिले महिला तथा बालबालिकाको लागी विकेन्द्रित कार्यक्रम (डकाउ) ले हेर्ने गरेको छ । यस पारालिगल कमिटीले धैरै जसो घटना (Case) हरू महिलाको घरेलु हिंसा सम्बन्धी र थोरै बालबालिका घटनाहरू हेर्ने गर्दछ । यस संस्थाले महिला हिंसा सम्बन्धी आएका घटनाहरू सकेसम्म मिलाउने गर्दछन् ।

मिल्दै नमिलेका घटनाहरू र अंश मुद्धा सम्बन्धी घटनाहरू आयो भने जिल्ला परासीमा रहेको कानुनी सहायता केन्द्रमा पठाउने गर्दछ । पारालिगल कमिटीबाट गएका घटनाहरू कानुनी सहायता केन्द्रमा रहेका अधिवक्ताहरूले निशुल्क रूपमा हेर्ने गर्दछन् । पारालिगल कमिटीमा हाल १३ प्रतिनिधी रहेका छन् । दाउन्ने देवी गा.वि.स भित्र महिला हिंसा सम्बन्धी घटनाहरू हेर्ने यहि एक मात्र संस्था रहेको छ । पारालिगल कमिटीमा २०६७ साल भरिमा २७ वटा घटनाहरू दर्ता भएका थिए । ति दर्ता भएका घटनाको सूची यस प्रकार रहेको छ ।

**तालिका नं. १पारालिगल कमिटीमा २०६७ सालमा दर्ता भएका घटनाहरु :**

| **घटनाहरु** | **संख्या** |
|---|---|
| घरेलु हिंसा | १० |
| बलात्कार | २ |
| हत्या | २ |
| बहुविवाह | २ |
| नागरिकतामा सिफारिस सम्बन्धी विबाद | १ |
| मोबाइलबाट परपुरुषसँगको सम्पर्कपछि विबाद | ४ |
| सम्पति सम्बन्धी विबाद | ४ |
| आर्थिक कारोबार (लेनदेन ब्यवहार) | १ |
| जन्मदर्ता | १ |
| जम्मा | २७ |

**स्रोत :- दाउन्ने देवी पारालिगल कमिटी २०६८ बैशाख**

# अध्याय - ४

# महिलाको सामाजिक तथा आर्थिक पृष्ठभूमि

अध्ययन क्षेत्र दाउन्ने देवी गा.वि.स ५ का उत्तरदाता महिलाको पारिवारिक जनसंख्यालाई उमेर तथा लिङ्गका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

## ४.१ जनसंख्या :

**तालिका नं. २ उमेर र लिङ्ग अनुसार महिलाहरूको पारिवारिक विवरण :**

| उमेर | पुरूष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| समुह | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-१० | २० | ८.१३ | २७ | १०.९८ | ४७ | १९.११ |
| ११-२० | २५ | १०.१६ | ३९ | १५.८५ | ६४ | २६.०२ |
| २१-३० | १४ | ५.६९ | २३ | ९.३५ | ३७ | १५.०४ |
| ३१-४० | १८ | ७.३२ | २२ | ८.९४ | ४० | १६.२६ |
| ४१-५० | १८ | ७.३२ | १२ | ४.८८ | ३० | १२.२० |
| ५१-६० | ७ | २.८५ | ६ | २.४४ | १३ | ५.२८ |
| ६१-७० | ५ | २.०३ | ८ | ३.२५ | १३ | ५.२८ |
| ७१+ | २ | ०.८१ | - | - | २ | ०.८१ |
| **जम्मा** | **१०९** | **४४.३१** | **१३७** | **५५.६९** | **२४६** | **१००.००** |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख।**

तालिका नं. २ मा उत्तरदाता माहिलाहरूको कुल परिवार संख्या २४६ रहेको छ। जसमा पुरूष संख्या ४४.३१ प्रतिशत र महिला संख्या ५५.६९ प्रतिशत कुल जनसंख्या मध्ये ० देखी १० उमेर समुहका पुरूष ८.१३ प्रतिशत तथा महिला १०.९८ प्रतिशत ११ देखी २० वर्ष उमेर समुहका १०.१६ प्रतिशत पुरूष र १५.८५ प्रतिशत महिला २१ देखी ३० वर्ष उमेर समुहमा ५.६९ प्रतिशत पुरूष तथा ९.३५ प्रतिशत महिला ३१ देखी ४० वर्ष उमेर समुहमा ७.३२ प्रतिशत पुरूष तथा ८.९४ प्रतिशत महिला ४१ देखी ५० उमेर समुहमा ७.३२ पुरूष तथा ४.८८ प्रतिशत महिला ५१ देखी ६० वर्ष उमेर समुहमा २.८५ प्रतिशत पुरूष तथा २.४४ प्रतिशत महिला ६१ देखी ७० वर्ष उमेर समुहमा २.०३ प्रतिशत पुरूष तथा ३.२५ प्रतिशत महिला छन् भने ७१ वर्ष माथिका ०.८१ प्रतिशत पुरूष मात्रै रहेका छन्। परिवारमा छोरी छोरी साथै विधवाको संख्या वढि हुनाले यहाँ महिला प्रतिशत वढि देखिन्छ।

## ४.२ उत्तरदाता महिलाको विवरण :

छनौटमा परेका उत्तरदाताहरू विभिन्न उमेर समुहका रहेका छन्। यी समग्र उत्तरदाता महिलाहरूको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३ उमेर र लिङ्ग अनुसार उत्तरदाताहरूको विवरण :**

| उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| २० - ३० | १४ | ३१.११ |
| ३१ - ४० | १६ | ३५.५६ |
| ४१ - ५० | ११ | २४.४४ |
| ५१ - ६० | ४ | ८.८९ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख।**

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरू २०-३० वर्ष उमेर समुहका १४ जना अर्थात ३१.११ प्रतिशत, ३१-४० वर्ष उमेर समुहमा १६ जना अर्थात ३५.५६ प्रतिशत

रहेका छन् । यसै गरी ४१-५० वर्ष उमेर समुहका ११ जना अर्थात २४.४४ प्रतिशत रहेका छन् भने ५१-६० वर्ष उमेर समुहका ४ जना अर्थात ८.८९ प्रतिशत महिलाहरू रहेका छन् ।

## ४.३ परिवारको प्रकार :

दाउन्ने देवी गा.वि.स. वार्ड नं. ५ मा मुख्यतया दुई किसिमका परिवार पाइन्छन् । एकात्मक परिवार, संयुक्त परिवार  जसलाई तल परिभाषित गरिएको छ ।

**एकल परिवार :**

आमा, बाबु  खास गरी उनका अविवाहित छोरा छोरीहरूलाई मिलेर बनेको परिवारलाई एकल परिवार भनिन्छ । यस प्रकारको परिवार आधुनिक मान्यता तर्फ उन्मुख भएको पाइन्छ ।

**संयुक्त परिवार :**

यस प्रकारको परिवारमा साधारणतया परिवारको तीन पुस्तासम्म रहेका हुन्छन् । यस परिवारमा हजुरबा, आमा, काका, काकीहरू, अविवाहित दिदि तथा फुपुहरू र नाति , नातिनी रहेका हुन्छ् । यस परिवारमा जेठोको नियन्त्रण र निर्देशन रहेको हुन्छन् ।

प्रस्तुत अध्ययनमा उत्तरदाताको परिवारको प्रकार पनि हेरिएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ उत्तरदाता महिलाहरूको परिवारको प्रकार :**

| क्र.सं. | परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक | ३४ | ७५.५६ |
| २ | संयुक्त | ११ | २४.४४ |
| ३ | जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरूको दुई प्रकारको परिवार पाइएको छ । ती हुन एकात्मक र संयुक्त । उत्तरदाता महिलाहरूमध्ये ७५.५६ प्रतिशत महिला एकात्मक परिवारमा रहदै आएका छन् भने २४.४४ प्रतिशत महिला संयुक्त परिवारमा रहदै आएका छन् ।

## ४.४ जातिगत विवरण :

दाउन्ने देवी गा.वि.स. वार्ड नं. ५ विभिन्न जातजाति, भाषा, धर्म र सांस्कृतिक विविधताले भरिएको गा.वि.स. हो । यहि विविधता नै त्यस ठाउँको विशिष्ट पहिचान हो । प्रस्तुत अध्ययनमा रहेका उत्तरदाता महिलाको जातिगत रूपमा वर्गिकरण गरी ब्याख्या गर्ने प्रयास गरिएको छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५ उत्तरदाता महिलाहरूको जातिगत विवरण :**

| जतजाति | संख्या | प्रतिशत |
|---|---|---|
| थारू | १२ | २६.६७ |
| गुरूङ्ग | ८ | १७.७८ |
| चमार | ७ | १५.५५ |
| परियार | ६ | १३.३३ |
| नेवार | ४ | ८.८९ |
| क्षेत्री | ४ | ८.८९ |
| ब्राम्हण | ३ | ६.६७ |
| कुमाल | १ | २.२२ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरूमा थारू, गुरूङ्ग, चमार, परियार, नेवार, क्षेत्री, ब्राम्हण, कुमाल जातजाति अर्न्तगतका महिला रहेका छन् , जसमा थारू जाति अर्न्तगत

महिलाहरूको संख्या १२ जना अर्थात २६.६७ प्रतिशत रहेका छन् । गुरूङ्ग जाति अर्न्तगतका महिला ८ जना अर्थात १७.७८ प्रतिशत, चमार जाति अर्न्तगत ७ जना अर्थात १५.५५ प्रतिशत रहेका छन् । परियार जाति अर्न्तगत ६ जना अर्थात १३.३३ प्रतिशत रहेका छन् । त्यस्तै गरी नेवार र क्षेत्री जाति अर्न्तगत ४-४ जना गरी ८.८९, ८.८९ प्रतिशत रहेका छन् भने ब्राम्हण जाति अर्न्तगत ३ जना अर्थात ६.६७ प्रतिशत र कुमाल जाति अर्न्तगत १ जना अर्थात २.२२ प्रतिशत रहेका छन् ।

## ४.५ धर्म :

नेपाल धर्म निरपेक्ष राष्ट्र हो । त्यसैले यहाँ विभिन्न धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको पाइन्छ । यसै क्रममा प्रस्तुत अध्ययनमा पनि हिन्दु, वौद्ध, क्रिश्चियन आदि धर्म मान्ने महिला छनौटमा परेका छन् । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६ उत्तरदाता महिलाहरूले मान्ने धर्मको विवरण :**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ३० | ६६.६७ |
| बौद्ध | ७ | १५.५५ |
| क्रिश्चियन | ८ | १७.७८ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार उत्तरदाता महिलामा हिन्दु, बौद्ध, क्रिश्चियन धर्म मान्ने रहेका छन् । जसमा हिन्दु धर्म मान्ने महिला ६६.६७ प्रतिशत छन भने बौद्ध र क्रिश्चियन धर्म मान्ने महिला १५.५५, र १७.७८ प्रतिशत रहेका छन् ।

## ४.६ शैक्षिक अवस्था :

शिक्षा एक मार्गदर्शनको आधार हो र मानव मात्रको ज्ञान र चेतनाको मुहान हो । शिक्षाले नै मानिसको भविष्य उज्जवल अप्ठयारा परिस्थितीसँग जुध्न सक्ने र विवेकी बनाउँछ । त्यसैले एउटा उन्नत सभ्य समाज स्थापनाको लागी महिला र पुरूषको समान शिक्षाको आवश्यकता पर्दछ ।

विगतको तुलनामा हाल आएर शिक्षाको महत्व प्रति नेपाली समाज सचेत हुन थालेको छ तर पनि अझै ग्रामिण क्षेत्रमा शिक्षाको अवसरबाट बन्चित हुनु परेका स्थिती देखिन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाता महिला तथा उनीहरुका श्रीमानहरूको शैक्षिक अवस्थालाई प्रष्टयाउने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ उत्तरदाता महिला तथा उनीहरुका श्रीमानहरूको शैक्षिक विवरण**

| शैक्षिक विवरण | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अशिक्षित | ११ | २४.४५ | १४ | ३१.११ |
| सामान्य शिक्षित (साक्षर) | ६ | १३.३३ | ९ | २०.०० |
| प्रा.वि. तह (१-५) | ६ | १३.३३ | ८ | १७.७८ |
| नि.मा.वि तह (६-८) | १५ | ३३.३३ | ८ | १७.७८ |
| माध्यमिक तह (९-१०) | ४ | ८.८९ | ३ | ६.६७ |
| उच्च मा.वि तह | २ | ४.४५ | २ | ४.४४ |
| स्नातक तह | १ | २.२२ | १ | २.२२ |
| जम्मा | ४५ | १००.०० | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार उत्तरदाताको रूपमा ४५ जना महिलाहरू विवाहित र श्रीमानहरू भएका महिलाहरू नै लिएको हुँदा श्रीमानहरूको संख्या ४५ नै रहेको छ । जसमा उत्तरदाता महिलाका श्रीमानहरू मध्ये ११ जना अर्थात २४.४५ प्रतिशत अशिक्षित रहेका छन् । छ जना अर्थात १३.३३ प्रतिशत सामान्य शिक्षित (साक्षर) रहेका छन् । विद्यालय तहमा पढेका श्रीमानहरूमा पनि प्रा.वि, नि.मा.वि गरेर छुट्याइएको छ । जसमा प्रा.वि सम्मको अध्ययन गरेका ५ जना अर्थात १३.३३ प्रतिशत रहेका छन् । नि.मा.वि तह सम्ममा अध्ययन गरेका १५ अर्थात ३३.३३ प्रतिशत छन् । माध्यमिक तह सम्म अध्ययन गरेका ४ जना अर्थात ८.८९ प्रतिशत छन् भने स्नातक तह अध्ययन गरेका १ जना अर्थात २.२२ प्रतिशत रहेका छन् भने स्नात्तकोतर सम्मको अध्ययन गर्ने उत्तरदाताका श्रीमानहरू कोहि नभएको पाइयो । उक्त क्षेत्र नयाँ बस्तीको रूपमा भएकोले यस क्षेत्रमा सुरुमा विद्यालयहरू थिएन । शिक्षा हासिल गर्न टाढा-टाढा जानु पर्दथ्यो । शिक्षा क्षेत्रमा यहाँका मानिसहरू पिछडीएका छन् । यस क्षेत्रमा टाढा टाढा गएर पढे पनि विद्यालय तहमा प्रा.वि, नि.मा.वि तह पढ्दै गर्दा विचमा छोडेका धेरै छन् । त्यसैले उक्त क्षेत्रमा रक्सी सेवन, असमझदारी जस्ता कारणले गर्दा महिलाले श्रीमानबाट हिंसा पीडित बन्नु परेको छ ।

यसै गरी उत्तरदाता महिलाहरूको शैक्षिक विवरणवाट के थाहा हुन्छ भने अझै पनि नेपाली सामाज शिक्षाको पहुँचबाट टाढा नै रहेको देख्न सकिन्छ । उत्तरदाता महिलाहरू मध्ये सबैभन्दा धेरै १४ जना अर्थात ३१.११ प्रतिशत अशिक्षित महिलाहरू रहेका छन् भने सबैभन्दा कम १ जना अर्थात २.२२ प्रतिशत स्नातक गरेका महिला रहेका छन् । पढ्न लेख्न जानेका तर विद्यालय पढ्न नगएका महिलालाई सामान्य शिक्षितको रूपमा राखिएको छ । जसमा ९ जना अर्थात २०.०० प्रतिशत सामान्य शिक्षित (साक्षर) रहेका छन् । त्यस्तै प्रा.वि सम्मको अध्ययन गरेका ८ जना अर्थात १७.७८ प्रतिशत, नि.मा.वि सम्मको अध्ययन गरेका ८ जना अर्थात १७.७८ प्रतिशत, मा.वि सम्मको अध्ययन गरेका ३ जना अर्थात ६.६७ प्रतिशत र उच्च माध्यमिक विद्यालय अध्ययन गरेका २ जना अर्थात ४.४४ प्रतिशत रहेका छन् ।

## ४.७ आर्थिक अवस्था :

नेपालको अर्थ व्यवस्थाको साथै ८० प्रतिशत नेपालहरूको जीवनयापनको मेरूदण्ड नै कृषि हो । त्यसैले राष्ट्रिय अर्थतन्त्र देखी बैयक्तिक जीवनसम्म कृषिको अन्यन्तै ठुलो महत्व रहेको छ । एकातिर कृषिबाट मानव जीवनको निरन्तरताको लागी खाद्य बाली प्राप्त हुन्छ भने अर्को तिर उद्योगधन्दाको लागी आवश्यक पर्ने अधिकाशं कच्चा पर्दाथहरू पनि कृषिबाट नै प्राप्त हुन्छ । नेपालको तराई प्रदेशलाई अन्नको भण्डार भनेर चिनिन्छ । त्यसैले यहाँको मानिसहरूको मुख्य आम्दानीको स्रोतको रूपमा कृषिलाई लिएका छन् भने अन्य पेशाका रूपमा जागिर, ब्यापार, व्यवसाय गर्दै आएका छन् । प्रस्तुत अध्ययनमा उत्तरदाताहरूको आर्थिक अवस्था जान्नको लागी उत्तरदाताको परिवारको आम्दानीको मुख्य स्रोतलाई तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८ उत्तरदाताको परिवारको मुख्य आम्दानीको स्रोतको विवरण :**

| आम्दानीको स्रोत | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १५ | ३३.३३ |
| ज्यालादारी | ११ | २४.४५ |
| बैदेशिक रोजगार | ६ | १३.३३ |
| जागिर | ३ | ६.६७ |
| होटल - ब्यवसाय | ६ | १३.३३ |
| ब्यापार | ४ | ८.८९ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार उत्तरदाताको परिवारको मुख्य आम्दानीको स्रोतको रूपमा १५ जना अर्थात ३३.३३ प्रतिशत कृषि पेशा अपनाउदै आएका छन् । ११ जना अर्थात २४.४५ प्रतिशत ज्यलादारीलाई लिएका छन् । ६ जना अर्थात १३.३३ प्रतिशतले बैदेशिक रोजगारीलाई मुख्य आम्दानीको स्रोतको रूपमा लिएका छन् त्यस्तै प्रहरी, शिक्षकको जागिर गरेर ३ जना

अर्थात ६.६७ प्रतिशतले मुख्य आम्दानीको स्रोत मानेको छन् । त्यस्तै होटल र व्यापार गरी ६ र ४ जना अर्थात १३.३३ र ८.८९ प्रतिशतले मुख्य आम्दानीको स्रोत मानी जीवन गुजारा गरेका छन् ।

त्यसैगरी उत्तरदाताका श्रीमानले अपनाउदै आएको पेशा तथा उत्तरदाता स्वयम्को पेशालाई तलको तालिका नं. १० र ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ उत्तरदाताको श्रीमानहरूको पेशागत विवरण :**

| श्रीमानको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १२ | २६.६७ |
| ज्यालादारी | १० | २२.२२ |
| होटल - व्यबसाय | ८ | १७.७८ |
| बैदेशिक - रोजगार | ७ | १५.५६ |
| जागिर | ६ | १३.३३ |
| व्यापार | २ | ४.४४ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिकामा उत्तरदाता महिलाका श्रीमानहरूमध्ये अधिकले कृषि पेशालाई अपनाउदै आएका छन् । जसमा १२ जना अर्थात २६.६७ प्रतिशत रहेका छन् । त्यस्तै ज्यालाका रूपमा काम गरेर पैसा आर्जन गर्ने १० जना अर्थात २२.२२ प्रतिशत रहेका छन् । होटल ब्यवसाय गर्ने ८ जना अर्थात १७.७८ प्रतिशत रहेका छन् । विदेशका विभिन्न ठाउँमा गई कमाई गरेर पठाएको अर्थात बैदेशिक रोजगार गर्नेहरू ७ जना अर्थात १५.५६ प्रतिशत छन् । त्यस्तै जागिर र व्यापार तर्फ ६ र २ जना अर्थात १३.३३, ४.४४ प्रतिशत रहेका छन् । उत्तरदाता महिला स्वयम्बाट अपनाउदै आएको पेशागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १० पेशाको आधारमा महिलाहरूको कामको विवरण :**

| महिलाहरूको कामको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १८ | ४०.०० |
| ज्यालादारी | ८ | १७.७८ |
| ब्यापार | ७ | १५.५५ |
| ब्यवसाय | ४ | ८.८९ |
| जागिर | ४ | ८.८९ |
| गृहणी | ४ | ८.८९ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार उत्तरदाता महिला मध्ये कृषि पेशामा लागेको महिला अधिक पाइयो । जसमा १८ जना अर्थात ४०.०० प्रतिशत रहको छन् । साहुको मेलामा गई ज्यालादारीको रूपमा काम गर्ने महिलाहरू ८ जना अर्थात १७.७८ प्रतिशत छन् । किराना पसल, कपडा पसल चलाउने जस्ता ब्यापार गर्दै आएका महिला ७ जना अर्थात १५.५५ प्रतिशत रहेका छन् । त्यस्तै होटलमा चिया, नास्ता, खाना बनाएरू व्यवसाय चलायने महिला ४ जना अर्थात ८.८९ प्रतिशत रहेका छन् । जागिर गर्ने महिला ४ जना अर्थात ८.८९ पैतिशत रहेका छन् । त्यस्तै घरको काम गृहणीको रूपमा बस्ने ४ जना अर्थात ८.८९ प्रतिशत रहेका छन् ।

## ४.८ उत्तरदाता महिला प्रति गरिने घरेलु हिंसाको बेलाको विवरण :

कुनै ब्यक्तिलाई घर परिवार वा समाजले दिने यातना पीडा, दुःख र अमानविय व्यहारलाई घरेलु हिंसा भनिन्छ । जुन शारिरीक वा मानसिक दुवै किसिमको हुन्छ । अध्ययनको क्रममा उत्तरदाता महिलालाई तपाई प्रति गरिने घरेलु हिंसा कुन बेला देखान्छ ? भनी प्रश्न गर्दा निम्नानुसार उत्तर दिएका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ उत्तरदाता महिला प्रति गरिने घरेलु हिंसाको बेलाको विवरण :**

| घरेलु हिंसाको बेलाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| रक्सी सेवन गरेपछि | २४ | ५३.३३ |
| जुवातास खेलेपछि | ८ | १७.७८ |
| Drugs लिएपछि | ४ | ८.८९ |
| अन्य | ९ | २०.०० |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिकामा उत्तरदाता महिलालाई तपाई प्रति गरिने घरेलु हिंसा कुन बेला गरिन्छ भनी प्रश्न गर्दा रक्सी सेवन गरेपछि भन्ने महिला २४ जना अर्थात ५३.३३ प्रतिशत, जुवातास खेलेपछि भन्ने महिला ८ जना अर्थात १७.७८ प्रतिशत, Drugs (गाजा) लिएपछि भन्ने महिला ४ जना अर्थात् ८.८९ प्रतिशत र अन्यमा (सामान्य अवस्थामा पनि खाना मिठो नभएको निहुँमा, आमाको कुरा सुनेर, कामबाट फर्केपछि ढिलो भयो भन्ने विषयलाई लिएर झगडा गर्ने) गरेका पाइयो ।

# अध्याय - ५

## घरेलु हिंसाको कारण, समस्या र धारणा

### ५.१ महिला विरूद्धको घरेलु हिंसा :

महिला भएकै कारणले घर, परिवार, समाज र राज्यबाट गरिने सामाजिक आर्थिक, राजनितिक, सांस्कृतिक, धार्मिक, शारीरिक, मानसिक भेदभावलाई महिला विरूद्धको हिंसा भनिन्छ ।

लिङ्गको आधारमा महिला भएकै कारण उनीहरू उपर गरिने शारीरिक, मानसिक, आर्थिक वा यौनजन्य क्षेत्रमा हुने दमन, शोषण उपेक्षा, दुवर्यवहार तथा भावनामा चोट पुऱ्याउने समेतका कार्यलाई महिला विरूद्धको हिंसा भनिन्छ ।

अध्ययन क्षेत्र दाउन्ने देवी गा.वि.स वडा नं. ५ का अधिक उत्तरदाता महिलाहरू श्रीमानबाट पीडित भएका र केहि महिलाहरू परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । महिलालाई विहान बेलुकाको समय घर भित्र सीमित बनाइनु, जुन श्रम मुल्यहिन हुनु तथा दिउसोको समय पुरूष सरह घर बाहिरको काममा लगाएर समान काममा पुरूष सरह समान ज्याला नदिनु, सानोतिनो जागिर र काम गरेर आय आर्जन गरेका महिलाले पनि आफु खुशी खर्च गर्न नपाउनु, दाइजोको कारण घर परिवारले दिने शारिरीक तथा मानसिक यातना छोरीछोरी जन्माएको निहुँमा लोग्नेले अर्को विहे गर्ने तथा जागिर श्रीमती भएपनि जागिरेको सिलसिलामा घर आउँन ढिला हुँदा श्रीमान तथा घरको सदस्यबाट सतित्व डगिएको लाञ्छना समेत लगाइने आदि जस्ता हिंसा घरेलु हिंसा अर्न्तगत पर्दछन् ।

## ५.२ घरेलु हिंसाका प्रकारहरू :

नेपाली महिलाहरू विभिन्न किसिमले विभिन्न प्रकारका हिंसाबाट पीडित भएको पाइन्छ । प्राय शारीरिक तथा मानसिक रूपले पीडित हुने महिला मध्ये केहिले हिंसा सहेर घरमै बस्छन् भने केहि महिलाहरू सहयोगका लागी विभिन्न संस्थामा पुग्ने गर्दछन् । अध्ययनका क्रममा देखिएका उत्तरदाता महिलाले भोगेका हिंसाका प्रकार निम्न रहेका छन् ।

क) शारीरिक हिंसा

ख) मानसिक हिंसा

ग) यौनजन्य हिंसा

यी हिंसाका प्रकारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२ उत्तरदाता महिलाहरूले भोगेका हिंसाका प्रकारहरू :**

| हिंसाका प्रकार | प्रतिशत |
|---|---|
| शरीरिक हिंसा | ३७.२० |
| मानसिक हिंसा | ४१.६९ |
| यौनजन्य हिंसा | २१.११ |
| जम्मा | १००.०० |

**यस तालिकामा प्रस्तुत तथ्याङ्क बहु प्रतिक्रियामा आधारित छ ।**

मेरा अध्ययनको प्रयोजनका लागी सोधिएका प्रश्नहरू बहुप्रतिक्रियामा आधारित छ । त्यसैले माथिको तालिकामा संख्यामा नलेखी प्रतिशतमा मात्र लेखिएको छ । जसमा शारीरिक हिंसा, मानसिक हिंसा, यौनजन्य हिंसालाई पनि छुट्टाछुट्टै रूपमा प्रश्न सोधेको थिए । शारीरिक

हिंसा अर्न्तगत चारवटा प्रश्न, मानसिक हिंसा अर्न्तगत चार र यौनजन्य हिंसा अर्न्तगत तीनवटा प्रश्न सोधेको थिएँ। प्रत्येक हिंसाका प्रश्नहरू ४५ जना महिलाहरूलाई सोधिएको थियो। जसमा शारीरिक हिंसामा पर्ने ३७.२० प्रतिशत मानसिक हिंसामा पर्ने ४१.६९ प्रतिशत र यौनजन्य हिंसामा पर्ने २१.११ प्रतिशत महिलाहरु रहेका थिए। माथिको तालिकाको आधारमा घरेलु हिंसा अर्न्तगत पीडितहरू मानसिक हिंसाबाट सबैभन्दा धेरै सताइएका थिए भने त्यसपछि शारीरिक हिंसा यौनजन्य हिंसामा परेका थिए। यी हिंसाका प्रकारलाई पनि छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ। ति हिंसाका प्रकार र हिंसाबाट महिलाले भोगेको समस्याहरू निम्न छन्।

**क) शारीरिक हिंसा :**

शारीरिक हिंसा अर्न्तगत कुटपिट गर्नु, जलाउनु घाउ चोट पटक लगाउनु, एसिड वा अन्य रसायन पदार्थ प्रयोग गरेर कुरूप बनाइदिनु, कपाल समातेर तान्ने आदि जस्ता हिंसाहरू पर्दछन्। शारीरिक हिंसा अर्न्तगत परेका उत्तरदाता महिलालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.१३ शारीरिक हिंसामा परेका उत्तरदाता महिलाहरू :**

| शारीरिक हिंसाका प्रकार तपाईको श्रीमानले कहिल्यै | छ | छैन | संख्या | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | जम्मा |
| क) तपाईलाई चोट लाग्ने गरी थप्पड हान्ने, भुत्लाउने, ठेल्ने, धकेल्ने या केहि सामान तपाईतिर फाल्ने गर्नु भएको छ ? | ४० | ५ | ४५ | ८८.८९ | ११.११ | १००.०० |
| ख) तपाईलाई लात्तले हान्ने, घिसार्ने वा कुट्ने गर्नु भएको छ ? | ३९ | ६ | ४५ | ८६.६७ | १३.३३ | १००.०० |
| ग) कुनै कारणले तपाईलाई डढाउने वा आगो लगाउने प्रयास गर्नु भएको छ ? | २६ | १९ | ४५ | ५७.७८ | ४२.२२ | १००.०० |
| घ) तपाईलाई कुनै हातहतियार, बन्दुक या चक्कु देखाएर तर्साउने गर्नु भएको छ ? | ३६ | ९ | ४५ | ८०.०० | २०.०० | १००.०० |
| जम्मा | १४१ | ३९ | १८० | | | |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार शारीरिक हिंसा भोग्ने उत्तरदाता महिलाहरूमा तपाईको श्रीमानले कहिल्यै तपाइलाई चोट लाग्ने गरी थप्पड हान्ने, भुत्लाउने, ठेल्ने या केहि सामान तपाईतिर फाल्ने प्रयास गर्नु भएको छ भनी प्रश्न गर्दा छ भन्ने महिलाहरू ४० जना अर्थात

८८.८९% र छैन भन्ने ५ जना अर्थात ११.११% रहेको पाइयो । छ भन्नेमा पनि पटक सोधिएको थियो । जसमा एकपटक १ जना महिला, कहिलेकाही भन्नेमा १९ जना महिला र धेरै पटक भन्नेमा २० जना महिला रहेको पाइयो । त्यस्तै गरी क्रमश तपाइको श्रीमानले तपाईलाई लातले हान्ने, घिसार्ने वा कुट्ने गर्नु भएको छ भनी सोध्दा उत्तरदाता महिलाहरूले छ भन्ने तर्फ २ जना एकपटकमा, १८ जना कहिलेकाही र १९ जना धेरै पटक गरी जम्मा ३९ जना अर्थात ८६.६७% र छैन भन्नेहरू ६ जना अर्थात १३.३३% रहेको पाइयो । कुनै कारणबस तपाइलाई डढाउने वा आगो लगाउने प्रयास गर्नु भएको छ भनी प्रश्न गर्दा छ भन्ने महिलाहरू २६ जना अर्थात ५७.७८% र छैन भन्ने महिलाहरू १९ जना अर्थात ४२.२२% रहेको पाइयो भने तपाइलाई कुनै हातहतियार, बन्दुक या चक्कु देखाएर तर्साउने, गर्नु भएको छ भनी सोध्दा छ भन्ने महिलाहरू ३६ जना अर्थात ८०.००% र छैन भन्ने महिलाहरूमा ९ जना अर्थात २०.००% रहेको पाइयो । छ भन्ने महिलाहरुमा पनि एकपटकमा ५ जना, कहिलेकाहीमा १४ जना धेरैपटक भन्ने महिलाहरूमा १७ जना रहेको पाइयो भने जम्मामा एक पटक अर्न्तगत १६, कहिकाहीमा ६५, धेरै पटकमा ६० गरी  जम्मा १४१ रहेको छ भने छैन भन्नेमा जम्मा संख्या ३९ रहेको छ । समग्रमा भन्नुपर्दा शारीरिक हिंसा कुटपिट गर्ने, भुत्लाउने, ठेल्ने, लातहान्ने, डढाउने, चक्कु देखाई तर्साउने गरी यातना भोगेको महिलाहरू अधिकमात्रमा रहेका पाइयो ।

त्यस्तै उत्तरदाता महिलाई तपाइले शारीरिक हिंसाका कारण शारिरीक समस्या भोग्नु परेको छ भनी प्रश्न गर्दा ४३ जना महिलाले शारिरीक समस्या भोग्नु परेको बताए भने २ जना महिलाले शारीरिक समस्या नभोगेको बताए ।

छनौटमा परेका उत्तरदाता महिलालाई तपाइले कस्तो प्रकारको शारीरिक समस्या भोग्नु परेको छ भनी प्रश्न गर्दा निम्नानुसार समस्या भोग्यौ भन्ने बताए । तीनै समस्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४ शारीरिक हिंसाका कारण शारीरिक समस्या भोगेका महिलाहरू :**

| शारीरिक समस्या | संख्या | प्रतिशत |
|---|---|---|
| काटेको | १५ | ३४.८८ |
| मर्केको | १२ | २७.९० |
| पोल्ने (डढाएको) | ५ | ११.६३ |
| हड्डि भाँचिएको | ३ | ६.९८ |
| दाँत भाँचिएको | ३ | ६.९८ |
| अन्य | ५ | ११.६३ |
| जम्मा | ४३ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार शारीरिक हिंसाका कारण शारीरिक समस्या भोगेका महिलाहरू मध्ये काटेको ३४.८८%, मर्केको २७.९०%, पोल्ने (डढाएको) ११.६३%, हड्डि भाँचिएको ६.९८%, दाँत भाँचिएको पनि ६.९८% रहेको पाइयो भने अन्य तर्फ ११.६३% रहेको थिए । अन्यमा समस्या भोग्नेमा धेरै कुटपिट गरेका कारण खुट्टा सुनिएको, शरिर सुनिएको, अनुहारमा निलडाम भएको, फुलेको र भातले पोलेको थियो भन्ने बताएका थिए ।

**ख) मानसिक हिंसा :**

मानसिक रूपमा असर हुने खालका सम्पूर्ण हिंसालाइ मानसिक हिंसा भनेर भनिन्छ जस्तै गाली गलौच गर्नु, अनावश्यक चियोचर्चो व्यङग्यात्मक छेडहानी भावनात्मक चोट पुग्ने भनाइ आदि हिंसा यस अन्र्तगत पर्दछन् ।

छनौटमा परेका उत्तरदाता महिलाहरू श्रीमान र परिवारका अन्य सदस्यहरूबाट मानसिक हिंसा खप्न बाध्य भएका छन् । ती महिलाहरूलाई तपाईको श्रीमानले दिएको मानसिक हिंसा र परिवारको सदस्यले दिएको मानसिक हिंसाका प्रश्नहरू छुट्टाछुट्टै सोधिएको थियो । जसमा निम्नानुसार उत्तर दिएका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.१५ श्रीमानबाट मानसिक हिंसामा परेका उत्तरदाता महिलाहरू :**

| मानसिक हिंसाका प्रकार तपाईको श्रीमानले कहिल्यै | छ | छैन | संख्या | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | जम्मा |
| क) अपमान गरेका वा होच्याउने गर्नु भएको छ ? | ४१ | ४ | ४५ | ९१.११ | ८.८९ | १००.०० |
| ख) अरू मानिसको छेउमा नराम्रो व्यवहार गर्नु भएको छ ? | ३६ | ९ | ४५ | ८०.०० | २०.०० | १००.०० |
| ग) केहि कुरामा डराएको वा त्रास देखाएको छ ? (जस्तैः हेराइबाट, सामान फालेर । | ४२ | ३ | ४५ | ९३.३३ | ६.६७ | १००.०० |
| घ) तपाईलाई वा तपाईको नजिकको मानिसलाई चोट पुऱ्याउने धम्की दिनु भएको छ ? | ३९ | ६ | ४५ | ८६.६७ | १३.३३ | १००.०० |
| जम्मा | १५८ | २२ | १८० | | | |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिकामा तपाईको श्रीमानले कहिल्यै तपाईलाई अपमान गर्नु भएको छ भनी प्रश्न गर्दा छ भन्ने महिलाहरू ९१.११ प्रतिशत र छैन भन्ने महिलाहरू ८.८९ प्रतिशत रहेका थिए । छ भन्नेमा एक पटकमा ४ जना कहिलेकाहिमा १९ जना र धेरै पटकमा १८ गरी ४१ जना रहेका थिए । अरू मानिसको छेउमा नराम्रो व्यवहार गर्नु भएको छ ? भनी प्रश्न गर्दा छ भन्ने महिलाहरू ८०.०० प्रतिशत र छैन भन्ने महिलाहरू २०.०० प्रतिशत रहेका थिए । छ भन्नेमा एकपटकमा ३ जना, कहिलेकाहिमा १९ जना र धेरै पटकमा १४ गरी जम्मा ३६ रहेका थिए । त्यस्तै केहि कुरामा डराएको वा त्रास देखाएको छ । जस्तै हेराइबाट, सामान फालेर भनेर सोध्दा छ भन्ने महिलाहरू अधिक रहेका अर्थात ९३.३३ प्रतिशत र छैन भन्ने ६.६७ प्रतिशत महिलाहरू थिए । छ भन्नेमा एक पटकमा ४, कहिलेकाहि १९ र धेरै पटकमा १९ गरी ४२ जना महिलाहरू रहेका थिए । तपाईलाई वा तपाईको नजिकको मानिसलाई चोट पुऱ्याउने धम्की दिनु भएको छ ? भन्ने प्रश्नमा छ भन्ने महिलाहरू ८६.६७ प्रतिशत र छैन भन्ने महिलाहरू १३.३३ प्रतिशत रहेका थिए । छ भन्नेमा एक पटकमा ४, कहिलेकाहि २०, धेरैपटकमा १५ गरी जम्मा ३६ जना महिलाहरू रहेका थिए भने सबै प्रश्नको जम्मामा एक पटक अर्न्तगत १५, कहिलेकाहि ७७, धेरै पटकमा ६६ गरी जम्मा १५८ र छैन भन्नेमा २२ रहेको छ भने जम्मा संख्या १८० रहेको छ । समग्रमा भन्नुपर्दा मानसिक हिंसा नभोगेका भन्दा भोगेका महिला अधिक रहेका थिए

**तालिका नं. १६ परिवारबाट मानसिक हिंसामा परेका उत्तरदाता महिलाहरू :**

| मानिसक हिंसा (परिवारवाट) | संख्या | प्रतिशत |
|---|---|---|
| क) तपाइको माइती घरको सदस्यलाई गाली गरेर । | ६ | १३.३३ |
| ख) तपाइको चरित्रमाथि दाग लगाएर । | ९ | २०.०० |
| ग) सौता ल्याउछु भनी डर, त्रास धम्की देखाएर । | ५ | ११.११ |
| घ) दाइजो नल्याएको भनी गाली गरेर । | ४ | ८.८९ |
| ङ) अनपढ, अशिक्षित, बाझ्री आइमाई भनेर | ३ | ६.६७ |
| च) अन्य | ५ | ११.११ |
| छ) तपाइको माइती घरको सदस्यालाई गाली गरेर, तपाइको चरित्र माथि दाग लगाएर, सौता ल्याउछु भनी डर, त्रास, धम्की देखाएर, दाइजो नल्याएको भनी गाली गरेर । | १३ | २८.८९ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरू मध्ये छ जना अर्थात १३.३३% माइती घरको सदस्यलाई गाली गरेर, चरित्र माथि दाग लगाएर २०% महिला रहेका थिए । सौता ल्याउँछु भनी डर ,त्रास धम्की दिन्छन भन्ने महिला ११.११% रहेका थिए । ८.८९% महिलालाई दाईजो नल्याएको भनी मानसिक हिंसा दिन्छन् भन्ने महिला रहेका थिए । अनपढ, अशिक्षित, बाझ्री आइमाई भनेर मानसिक यातना पाउने महिला ६.६७% रहेका थिए । ११.११% ले अन्यमा उत्तर दिएका थिए अन्यमा श्रीमती बिरामी भएर बस्दा रक्सी खाएर आउँदा चिन्ता पर्छ । धनीकी छोरी गरीबसंग प्रेम विवाह गरेका तर श्रीमान सज्जन नपरेकोले माइतीको अगाडि देखाउन सानो बन्नु परेकोले मानसिक चिन्ता हुन्छ । पैसा पु-याउन सकिनस् व्यवहार मलाई भनीन्स भनी कराउदा चिन्ता लाग्छ श्रीमानले फिल्ड गएर आउँदा केहि भन्छ भनी चिन्ता लाग्छ भन्ने महिलाहरू अन्यमा रहेका थिए भने तपाइलाई माइती घरका सदस्यालाई गाली गरेर, चरित्रमाथि

दाग देखाएर, सौता ल्याउछु भनी गाली गरेर, दाइजो नल्याएको भनी गाली गरेर, चारवटैमा नै शब्दहरू भनेर मानसिक हिंसा दिन्छन भन्ने २८.८९% महिलाहरू रहेका थिए ।

छनौटमा परेका उत्तरदाता महिलाहरूलाई तपाइको श्रीमानले दिएको मानसिक हिंसाबाट समस्या भोग्नु परेको छ भनी प्रश्न गरेका थिए जसमा कस्ता प्रकारका मानसिक समस्या भोग्नु परेको महिलाहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७ मानसिक हिंसाबाट मानसिक समस्या भोगेका महिलाहरू :**

| मानसिक समस्या भोगेका महिलाहरू | संख्या | प्रतिशत |
|---|---|---|
| डर | १५ | ३३.३३ |
| तनाव | १० | २२.२२ |
| उदासिनता | ९ | २०.०० |
| आत्महत्याको सोचाइ | ८ | १७.७८ |
| आत्महत्याको प्रयास | ३ | ६.६७ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिकामा मानसिक हिंसाबाट मानसिक समस्या भोगेको उत्तरदाता महिलाहरूमा डर लाग्छ भन्ने ३३.३३%, तनाव हुन्छ भन्ने २२.२२%, उदासिनता हुने महिला २०.००%, रहेका थिए । त्यस्तै श्रीमानबाट रक्सी सेवन गर्ने, जुवातास खेली घरमा आएर मार्छु भन्ने धम्की दिंदा अब म बाँचेर के हुन्छ भनी आत्महत्याको सोचाइमा पर्ने महिलाहरू १७.७८% रहेका थिए भने आत्महत्याको प्रयास गरी बाँच्न सफल भएका महिलाहरू ६.६७% रहेका थिए । श्रीमानबाट सधै धम्की, पीडा दिएपछि अब बाँच्नको अर्थ नै छैन भनी नजिकैको पोखरीमा गएर हामफाल्ने र घरमा झुन्डिन लाग्दा परिवारका सदस्य र छिमेकीले थाहा पाई बाँच्न सफल भएका महिलाहरू ३ जना अर्थात ६.६७% रहेका थिए ।

छनौटमा परेका उत्तरदाता महिलाहरूलाई तपाइ प्रति भएको हिंसा के तपाइको श्रीमानबाट मात्र गरिएको छ भनी प्रश्न गर्दा छ भन्ने महिलाहरूमा २८ जना अर्थात ६२.२२%

र छैन भन्नेमा १७ अर्थात ३७.७८% रहेका थिए । उत्तरदाता महिलालाई हिंसा दिने व्यक्तिहरू निम्न रहेका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८, उत्तरदाता महिलालाई हिंसा दिने व्यक्तिहरू :**

| पीडक पक्ष | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान | २८ | ६२.२२ |
| सासु | ७ | १५.५६ |
| ससुरा, नन्द | ४ | ८.८९ |
| सौता | ३ | ६.६७ |
| जेठाजु, जेठानी | २ | ४.४४ |
| देवर | १ | २.२२ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार उत्तरदाता माथि हिंसाका पीडक पक्षको रूपमा श्रीमान, सासु, नन्द, सौता, देवर रहेका छन् । जसमध्ये लोग्नेबाट पीडित भएका महिलाहरू ६२.२२% रहेका थिए । सासुबाट पीडित १५.५६% रहेका थिए । ससुरा, नन्दबाट ८.८९% रहेका थिए । सौताबाट पीडित ६.६७% रहेका थिए । जेठाजु, जेठानीबाट पीडित भएका महिला ४.४४% र देवरबाट पीडित २.२२% महिलाहरू रहेका थिए ।

समग्रमा हेर्दा अधिक महिलाहरु श्रीमानबाट हिंसा पीडित बनेका थिए भने सासु, ससुरा लगायत परिवारका सदस्यबाट घरको कामको विषयलाई लिएर हिंसा गरेको तथा श्रीमानलाई कुरा लगाई पिट्न लगाएको पनि बताएका थिए । श्रीमानले छोरी, छोरी पाएको भनी सौता ल्याएको र कान्छी श्रीमतीलाई आफ्नो सबै सम्पती नाममा गरिदिएको र अर्को जेठी श्रीमतीलाई सम्पती नदिएपछि सौता र श्रीमानबाट पीडित बन्नु परेको मेनुका श्रेष्ठले बताउनु भएको थियो । त्यस्तै देवरबाट पनि पीडित भएका महिला १ जना रहेका थिए ।

**ग) यौनजन्य हिंसा :**

कुनै पनि महिलाको इच्छाविपरीत गरीने यौनजन्य क्रियाकलापहरू जस्तै बलात्कार गर्नु, उसको स्वीकृती बिना यौनक्रियामा भाग लिन दबाब दिनु विभिन्न किसिमका अश्लील चित्रहरू, भिडियोहरू देखाउने आदि यौन सम्बन्धी हुने हिंसाहरू हुन् ।

दाउन्ने देवी गा.वि.स. वार्ड नं. ५ मा रहेका उत्तरदाता महिलाहरू मध्ये ४५ जना महिलाहरू विवाहित र श्रीमान भएका महिलाहरूलाई प्रश्न सोधिएको थियो । यौनजन्य हिंसा भन्ने बित्तिकै यौनइच्छा विपरित गरिने दुर्व्यवहार हो । त्यसैले आफ्ना श्रीमान भएपनि श्रीमतीको इच्छा विपरित कार्य हुन्छ भने त्यो यौनजन्य हिंसा हो । छनौटमा परेका उत्तरदाता महिलाहरूलाई के तपाईको श्रीमानले कहिल्यै भनी प्रश्न गरेको थिए । उक्त प्रश्नको निम्नानुसार उत्तर दिएका छन् जसलाई तलको तालिकमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९ श्रीमानबाट यौनजन्य हिंसा भोगेका महिलाहरू :**

| यौनजन्य हिंसाका प्रकार<br>तपाईको श्रीमानले कहिल्यै | छ | छैन | संख्या | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | जम्मा |
| क) तपाईले नचाहदा नचाहदै पनि श्रीमानले जवरजस्ती यौन सर्म्पक गर्नु भएको छ ? | ४० | ५ | ४५ | ८८.८९ | ११.११ | १००.०० |
| ख) तपाईको इच्छा नहुदा नहुदै पनि केहि गर्छ भन्ने डरले कहिल्यै जवरजस्ती यौन सर्म्पक गर्नु भएको छ ? | ४० | ५ | ४५ | ८८.८९ | ११.११ | १००.०० |
| ग) तपाईको श्रीमानले तपाईलाई कहिल्यै यौनजन्य क्रियाकलाप गर्न बाध्य पार्नु भएको छ जसले गर्दा तपाई अपमानित वा होच्िएको महशुस गर्नु परेको छ ? | - | ४५ | ४५ | - | १००.०० | १००.०० |
| जम्मा | ८० | ५५ | १३५ | | | |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने तपाईको श्रीमानले तपाईले नचाहदा नचाहदै पनि यौन सर्म्पक गर्नु भएको छ भन्ने प्रश्न गर्दा एक पटकमा ३, कहिलेकाहीमा २१, र धेरै पटकमा १६ गरी जम्मा छ भन्ने महिलाहरू ४० अर्थात ८८.८९% थिए भने छैन भन्ने महिलाहरू ५ जना अर्थात ११.११% थिए । त्यस्तै तपाईको इच्छा नहुदा नहुदै पनि केहि गर्छ भन्ने डरले कहिल्यै जवरजस्ती यौनसर्म्पक गर्नु भएको छ भन्ने महिलाहरु ४० अर्थात ८८.८९%

र छैन भन्ने महिला ५ जना अथार्त ११.११% रहेका थिए । छ भन्ने महिलामा एकपटक ५, कहिलेकाही २०, धेरै पटक १५ जना गरी ४० महिलाहरूले डरले गर्दा यौनसम्पर्क गर्न दिनु परेको बताए भने तपाइको श्रीमानले तपाइलाई कहिल्यै यौनजन्य क्रियाकलाप गर्न बाध्य पार्नु भएको छ जसले गर्दा तपाई अपमानित वा होच्यिएको महसुस गर्नुपरेको छ भनी प्रश्न गर्दा ४५ जना महिलाले छैन भन्नेमा उत्तर दिएका थिए । कुनै व्यक्तिलाई सिधा नजरले हेर्दा त शंका गर्दछन् यस्तो कार्यमा बाध्य पारेका छैनन भन्ने उत्तर दिएका थिए ।

त्यस्तै छनौटमा परेका उत्तरदाता महिलालाई तपाईले माथि उल्लेखित प्रकारको यौनजन्य हिंसाका कारण कुनै स्वास्थ्य समस्या भोग्नु परेको छ भन्ने प्रश्न गर्दा छ भन्ने ४० अर्थात ८८.८९% महिलाहरू रहेका र छैन भन्ने ५ जना अर्थात ११.११% रहेका थिए । ४० जना महिलाहरूलाई तपाइले यौनजन्य हिंसाका कारण कस्तो प्रकारको समस्या भोग्नु भएको छ ? भनी प्रश्न गर्दा निम्नानुसार उत्तर दिएका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. २०, यौनजन्य हिंसाका कारण स्वास्थ्य समस्या भोगेका महिलाहरू :**

| स्वास्थ्य समस्या भोगेका महिलाहरू | संख्या | प्रतिशत |
|---|---|---|
| गर्भ खेर गएको | ६ | १५ |
| धेरै रगत बगेको | १२ | ३० |
| धेरै पेट दुखेको | २२ | ५५ |
| जम्मा | ४० | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिकामा श्रीमानबाट यौनजन्य हिंसाका कारण स्वास्थ्य समस्यामा भोगेका महिलाहरू मध्ये गर्भ खेर गएको भन्ने महिला १५ प्रतिशत, धेरै रगत गएको भन्ने ३० प्रतिशत महिला, धेरै पेट दुखेको भन्ने महिला५५ प्रतिशत रहेका थिए । समग्रमा भन्नुपर्दा धेरै पेट दुखेको भन्ने महिला अधिक रहेका थिए भने अन्यमा केहि नभएको पाइयो ।

## ५.३ घरेलु हिंसाका कारणहरू :

समाजमा तुलनात्मक रूपमा महिला वर्ग नै पुरूष भन्दा बढि मात्रामा हिंसाको शिकार बन्ने गरेका पाइन्छ । यसै क्रममा प्रस्तुत अध्ययनमा महिला माथि हुने गरेका घरेलु हिंसाका कारणबारे पनि अध्ययन गरिएको थियो । उत्तरदाताले दिएको तथ्यको आधारमा हिंसा पीडित बन्नु परेका कारणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २१ उत्तरदाता महिला माथिको घरेलु हिंसाका कारणहरू :**

| हिंसाका कारणहरू | संख्या | प्रतिशत |
|---|---|---|
| जाड रक्सीको सेवन | १५ | ३३.३३ |
| गरिबी तथा आर्थिक कारण | १२ | २६.६७ |
| अशिक्षा | १० | २२.२२ |
| दाइजो | ५ | ११.११ |
| बहुविवाह | ३ | ६.६७ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८, बैशाख ।**

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरू विभिन्न कारणबाट घरेलु हिंसाको शिकार भएका छन जसमध्ये रक्सीको सेवनका कारण ३३.३३ प्रतिशत महिला माथि हिंसा हुने देखियो भने गरिवीका कारण तथा आर्थिक कारण छोराछोरीको पढाइ, घर चलाउन मुश्किल परेका कारण झगडाको स्थिती उत्पन्न भइ हिंसा भोगेका २६.६७ प्रतिशत रहेको, दाइजोका कारण ११.११ प्रतिशत महिला पीडित बनेका थिए । त्यसैगरी सामुहिक भेला, तालिम घर बाहिरको काम, फिल्डमा जाँदा आउँदा पढाएर फर्कदा, सामाजिक कामबाट फर्कदा ढिलो हुदा आदिमा गएको मन नपराउने जस्ता महिला प्रतिको रूढिबादि धारणा र अशिक्षाका कारण हुने हिंसामा २२.२२ महिला पीडित भएका, छोरी पाएको महिला र बच्चा नभएको कारण श्रीमानले बहुविवाह गरेका महिला ६.६७ प्रतिशत थिए । समग्रमा भन्नुपर्दा उत्तरदाता महिलाहरु मध्ये अधिक महिला रक्सी सेवन र गरिबी कारण हिंसा पीडित बनेको बताएका थिए ।

# व्यक्तिगत अध्ययन

दाउन्ने देवी गा.वि.स वडा नं. ५ मा गरिएको अध्ययनमा ४५ जना उत्तरदाता महिलाहरू मध्ये ५ जना महिलाहरूको व्यक्तिगत अध्ययन गरेको थिएँ । ती महिलाहरू क्रमश चमेली गुरूङ्ग, मेनुका श्रेष्ठ, बिनिता परियार, सम्झना थारू, साबिना गुरूङ्ग रहेका थिए । (नाम परिवर्तन गरिएको)

चमेली गुरूङ्ग :४२ बर्षिय चमेली अशिक्षित हुनुहुन्छ । श्रीमानले रक्सी सेवन गरी हिड्ने गरेको कारण सवै सम्पती सकिएकोले घर व्यवहार चलाउन मुश्किल परेको, छोराछोरी पढाउन नसकेकोले श्रीमानबाट हिंसा पीडित बन्नु परेको बताउनुहुन्छ ।

मेनुका श्रेष्ठ :४१ बर्षिय मेनुका सामान्य शिक्षित हुनुहुन्छ । छोरी-छोरी पाएको कारण श्रीमानले बहुविवाह गरी सवै सम्पती सौताको नाममा गरिदिएको बताउनुहुन्छ । छोरीहरु पढाउन र विरामी हुँदा पनि वास्ता नगर्ने रात दिन यातना दिएपछि मेनुका सौता र श्रीमानबाट हिंसा भोग्नु परेको बताउनु हुन्छ ।

सम्झना थारू :२१ बर्षिय सम्झना घरको आर्थिक स्थिती कमजोर भएकोले ७ कक्षा पढेर छोड्नु परेको र १६ बर्षको उमेरमा विवाह गर्नु परेको बताउनुहुन्छ । हाल उहाँ दाइजोको कारण श्रीमान र परिवारको सदस्यबाट हिंसा भोग्नु परेको बताउनु हुन्छ ।

बिनिता परियार : २५ बर्षिय बिनिता श्रीमान परस्त्रीसँग लागेको कारण छोराछोरी र श्रीमती बोले झिजो मान्ने, पिट्ने छोराछोरीलाई पढाउन वास्ता नगर्ने, व्यापार गरी कमाएको पैसा परस्त्रीलाई दिने र बाँकी पैसा रक्सी र फोन गरी सकेका कारण झगडा भई श्रीमानबाट शारीरिक, मानसिक हिंसा भोग्नु परेको बताउनुहुन्छ ।

साबिना गुरूङ्ग : २५ बर्षिय साबिना पटक पटक फेल भइरहेपछि ८ कक्षा पढेर छोड्नु भएको बताउनुहुन्छ । उहाँले (ब्राम्हणकी छोरी) गुरूङ्गसँग अन्तरजातिय विवाह (दोस्रो विवाह) गर्नु भएको थियो । सासुले चरित्रहिन भएको कारण मेरो छोरासँग आइस् भनी झगडाको कारण बनाई छोरालाई कुरा लगाउने र श्रीमान ड्राइभर रहेको र बेलुका घरमा आउँदा रक्सी सेवन

गरी आउने र आमाका कुरा सुनेर अन्य व्यक्तिलाई आँखा लगाइस भनी रक्सी सेवनका कारण साविना श्रीमान र सासुबाट हिंसा भोग्नु परेको बताउनु हुन्छ ।

**प्रमुख जानकार व्यक्तिहरुको लागि अर्न्तवार्ता**

प्रमुख जानकार व्यक्तिहरूको अर्न्तवाता अनुसार, महिलाहरू हिंसामा पर्नुको कारण मुख्य रूपमा चेतना र विवेकको अभाव, आर्थिक विपन्नता, हैसियतको होडबाजी, त्रुटीपूर्ण सामाजिक मुल्यमान्यता, धार्मिक संरचना, संस्कार, शैक्षिक रूपमा पछाडि पर्नु, समझदारीको कमी, सकारात्मक सोचको विकास नहुनु र केहि रूपमा कानुन समेत रहेका छन् भनी बताउनु हुन्छ ।

**५.४ महिला विरूद्ध हिंसा सम्बन्धी उत्तरदाता महिलाहरूको धारणाहरू :**

उत्तरदाता महिलाहरूको धारणा अनुसार महिला विरूद्धको हुने हिंसालाई रोक्नका लागि सर्वप्रथम महिला शिक्षामा जोड दिनुपर्ने महिलालाई आर्थिक रूपमा सफल बनाउने खालका कार्यक्रमहरूको थालनी गर्नुपर्ने विकासका कार्यहरूको मुल प्रवाहमा महिलालाई राखिनुपर्ने, महिलालाई मात्र हिंसाका बारेमा सचेत नबनाई त्यसमा पुरूषलाई पनि सहभागी गराउनुपर्ने ,समाजले पनि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नुपर्ने जस्ता कुराहरू रहेको पाइयो । पुरुष माथिको आत्मनिर्भरता कम गराउनका निम्ति सिपमुलक कार्यहरूमा महिलाको सक्रिय रूपमा सहभागीता गराउन पर्ने देखिन्छ । हिंसा गर्ने पीडकलाई कानुनी रूपमा कारवाही गर्नुपर्छ भन्ने धारणा उत्तरदाता महिलाको पाइयो । आत्मविश्वास जगाउने खालका कार्यक्रमहरूको थालनी भएमा महिलाहरू कोहि पनि हिंसा सहेर नबस्ने र हिंसा विरूद्ध कानुनी रूपमा प्रक्रिया अगाडि बढाइपनि आफुलाई परिवारमा बस्न सहज हुने र सम्मान पूर्वक जीवन बिताउन पाउनु पर्छ भन्ने धारणा उत्तरदाता महिलाहरुमा पाइयो ।

## ५.५ उत्तरदाता महिलाहरूले हिंसा बताएको वा नबताएको विवरण :

अध्ययनको क्रममा उत्तरदाता महिलाहरूसँग तपाई माथि भएको हिंसा विरूद्ध कसैलाई बताउने भएको छ वा कसको सहयोग लिनु भएको छ ? भनेर प्रश्न सोधिएको थियो । उक्त प्रश्नको उत्तरमा उत्तरदाता महिलाहरूले विभिन्न उत्तरहरू दिएका थिए । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २२ उत्तरदाताले हिंसा बताएको वा नबताएको विवरण :**

| | **हिंसा बताएको वा नबताएको विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| क) | नातेदार वा परिवार | ३ | ६.६७ |
| ख) | साथी | ३ | ६.६७ |
| ग) | पारालिगल कमिटी | २४ | ५३.३३ |
| घ) | सामाजिक कार्यकर्ता | ५ | ११.११ |
| ङ) | पुलिस | १ | २.२४ |
| च) | कसैलाई नसुनाएको वा सहयोग नलिएको | २ | ४.४४ |
| छ) | पारालिगल कमिटी, सामाजिक कार्यकर्ता, पुलिस | ७ | १५.५६ |
| | जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०६८ बैशाख ।**

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरू मध्ये ६.६७% ले नातेदार वा परिवार सँग हिंसा बताएको पाइयो । त्यस्तै ६.६७% साथीसँग, ५३.३३% ले पारालिगल कमिटीलाई बताएका वा भनेका, ११.११% ले सामाजिक कार्यकर्तासँग, २.२४% ले पुलिस समक्ष पुगेका थिए । कसैलाई नसुनाएका वा सहयोग नलिएका ४.४४% महिला रहेका थिए भने पारालिगल कमिटी,सामाजिक कार्यकर्ता, पुलिस यी तिनै वटा ठाउँमा पुगी न्याय पाएका महिला १५.५६% रहेका थिए । अन्यमा केहि नभएको बताए । समग्रमा भन्नु पर्दा पारालिगल कमिटीमा उत्तरदाता महिला मध्ये २४ जना अर्थात ५३.३३% ले हिंसा बताएका थिए ।

## ५.६ हिंसाबाट पीडित भएका उत्तरदाता महिलाहरूको सहायताको विवरण :

अध्ययनको क्रममा उत्तरदाता महिलाहरूसंग तपाईको विचारमा घरेलु हिंसाबाट पीडित भएको महिलालाई कस्तो किसिमको सहायता चाहिन्छ ? भनेर प्रश्न सोधिएको थियो उक्त प्रश्नको उत्तरमा उत्तरदाता महिलाहरूले विभिन्न उत्तरहरू दिएका थिए जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २३ पीडित महिलालाई आवश्यक पर्ने सेवाहरूको विवरण :**

| पीडित महिलालाई आवश्यक पर्ने सेवाहरू | संख्या | प्रतिशत |
|---|---|---|
| सल्लाह र सुझाव | ९ | २०.०० |
| परिवारले हेरविचार गर्नुपर्छ | ४ | ८.८९ |
| पीडकलाई कानुन कारवाही | १६ | ३५.५६ |
| खुला कानुनी सहयोग | २ | ४.४४ |
| औषधी उपचारमा सहयोग | २ | ४.४४ |
| आर्थिक सहयोग | २ | ४.४४ |
| पीडितलाई सहयता कार्यक्रम | १० | २२.२३ |
| जम्मा | ४५ | १००.०० |

**स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०३८ बैशाख ।**

माथिको तालिका अनुसार हिंसाबाट पीडित भएका उत्तरदाता महिलाहरूलाई कस्तो किसिमको सहयोग वा साहयता चाहिन्छ भन्दा सल्लाह र सुझाव भन्ने महिला २०.००%, परिवारले हेरविचार गर्नुपर्छ भन्ने महिला ८.८९%, पीडकलाई कानुनी कारवाही दिनुपर्छ भन्ने महिला ३५.५६%, खुला कानुनी सहयोग चाहिन्छ, औषधी उपचारमा सहयोग र आर्थिक सहयोग चाहिन्छ भन्ने महिला भने बराबर अर्थात ४.४४% र पीडितलाई सहायता कार्यक्रम चाहिन्छ भन्ने २२.२३% महिला रहेका थिए । समग्रमा उत्तरदाता मध्येका अधिक महिलाले पीडकलाई कानुनी कारवाही गर्नुपर्छ भन्ने बताएका थिए ।

# अध्याय -छ

# साराशं र निश्कर्ष

## ६.१ साराशं :

महिलामाथि हुने शारीरिक यातनालाई मात्र नभई मानसिक, धार्मिक, कानुनी रुपमा यातनालाई पनि महिला विरुद्धको हिंसा मान्नुपर्ने हुन्छ । वास्तवमा महिलाहरु कस्ता प्रकारका हिंसाबाट पीडित हुने गरेका छन् । उनीहरुको सामाजिक, आर्थिक पृष्ठभुमि कस्तो रहेको छ भन्ने तथ्यलाई यस अध्ययनमा समस्याको रुपमा लिइएको छ । छनौट महिलाले हिंसाको प्रकार, कारण, हिंसाप्रतिको उनीहरुको धारणा पत्ता लगाउने उद्देश्य अध्ययनको क्रममा भएको थियो । महिला शसक्तिकरणमा लागी परेका संस्थाहरु महिलाहिंसा विरुद्ध लाग्ने संस्थाहरुका साथै नीति निर्माणकर्ताहरुलाई महिलाको अवस्था तथा हिंसाका कारणहरुको जानकारी दिई सोको निवारणका निमित्त मदत पुऱ्याउन सक्ने अपेक्षा अध्ययनका क्रममा लिइएको छ । अध्ययनसँगै सम्बन्धित विभिन्न पत्रपत्रिका, प्रकाशित लेख, रचना प्रतिवेदन, विद्वानहरुको भनाईबारे अध्ययनका क्रममा समिक्षा गरिएको थियो ।

अध्ययनको लागी दाउन्ने देवी गा.वि.स.को वडा नं.५ लाई लिइएको छ । वर्णनात्मक अनुसन्धान ढाँचाको अध्ययनका क्रममा अवलम्बन गरिनुका साथै आवश्यक तथ्य संकलनका लागी प्राथमिक तथा द्धितिय तथ्याङ्कको प्रयोग गरिएको थियो । समग्रबाट केही महिलाको छनौटका लागी स्नोवल नमुना छनौट विधिबाट अपनाइएको थियो । प्रस्तुत अध्ययनमा समय अर्थको सीमा जस्ता कारणले गर्दा पनि सिमित क्षेत्र भित्र पनि सबै महिलालाई समेट्न सकिएको छैन ।

छनौटमा परेका महिलाहरुमा लिङ्ग र उमेर अनुसार अध्ययन गर्दा ३१ देखी ४० वर्ष समुहका महिलाहरु बढि हिंसा पीडित भएको देखियो त्यसपछि २० देखी ३० वर्ष समुहका महिलाहरु हिंसा पीडित भएको देखियो । त्यस्तै ४१ देखी ५० वर्षका महिलाहरु हिंसा पीडित

भएको देखियो भने अध्ययनको क्रममा सबैभन्दा कम ५१ वर्षदेखी ६० वर्ष उमेरका रहेका थिए । दाउन्ने देवी गा.वि.स.का छनौटका महिलाहरु एकात्मक र सयुक्त गरी दुई प्रकारका परिवारमा बस्दै आएका देखियो । जसमध्ये एकात्मक परिवारमा ७५.५६% उत्तरदाता महिलाहरु बस्दै आएको पाइयो भने सयुक्त परिवारमा २४.४४% महिला बस्दै आएको देखियो । उक्त अध्ययनबाट एकात्मक परिवारमा बस्दै आउने महिलाको संख्या धेरै देखियो जहाँ उनीहरु आफ्नो श्रीमान र छोरा छोरीका साथ बस्दै आएका छन् । त्यसैले एकात्मक परिवारमा नै घरेलु हिंसा बढि भएको देखियो । जहाँ श्रीमानले जाँड  रक्सी सेवन गरी विभिन्न प्रकारले गाली गलौज गरी श्रीमतीलाई मानसिक तथा शारीरिक पीडा दिइएको पाइयो भने सयुक्त परिवारमा बस्ने महिलामाथि पनि घरका सदस्यहरु श्रीमान, सासु, नन्द, देवर, जेठाजु, जेठानी, सौता जस्ताले दाँइजोको कारण आफ्नो चरित्र माथि लान्छना लाएर माइतीलाई दोष लगाएर नपढेका कारण, छोराछोरी जन्माएका कारण र बच्चा नभएका कारण जस्ता विविध कारणहरु देखाएर महिला माथि शारीरिक तथा मानसिक हिंसा हुने गरेको पाइयो ।

दाउन्ने देवी गा.वि.स वडा नं. ५ मा रहेका उत्तर दाता महिलाहरुका रुपमा ४५ जना महिलाहरु लिइएकोमा ४५ जना महिलाहरु अर्थात १००% महिलाहरु विवाहित र श्रीमानहरु भएका महिलाको अध्ययन गरिएको थियो भने छनैाटमा परेका महिलाहरुको जातिगत विवरण पनि यहाँ प्रस्तुत गरिएको छ जहाँ २६.६७% थारु जाति, १७.७८% गुरुङ्ग, १५.५५% चमार, १३.३३% परियार, ८.८९%, नेवार, ८.८९% क्षेत्री, ६.६७% ब्राम्हण तथा २.२२% कुमाल जातिको अध्यन गरिएको थियो ।

प्रस्तुत अध्ययनको क्रममा महिलाको पेशाको पनि अध्ययन गरिएकोमा अधिक प्रतिशत महिलाहरु कृषि र ज्यालादारी पेशा अवलम्बन गरेको पाइएको थियो भने केही ब्यापार, व्यवसाय गरेको पाइयो साथै प्राइभेट जागिर गरेका ८.८९% महिला संलग्न रहेको पाइयो भने घरमै चुलो चौको गरी गृहणीको रुपमा रहेका महिलाहरु ८.८९% नै पाइयो ।

प्रस्तुत अध्ययनको क्रममा उत्तरदाता महिलाले विभिन्न प्रकारका हिंसाहरु भोगेको पाइयो । उत्तरदाता महिलालाई शारीरिक, मानसिक, यौनजन्य हिंसाका छुट्टाछुट्टै प्रश्नहरु सोधेको थिए । मानसिक हिंसा पनि श्रीमान र परिवारका अन्य सदस्यबाट हुने गरेको पाइयो ।

शारीरिक हिंसा अन्तर्गत श्रीमानबाट हिंसा भएको पाइयो । श्रीमानले अत्याधिक रक्सी सेवन गरेर आएपछि श्रीमती पिट्ने वा घरको सदस्यबाट कुरा लगाई श्रीमतीलाई पिट्ने गरेको पाइयो । जसमा श्रीमानबाट थप्पड हान्ने, घरेलु सामानले हान्ने, भुताल्ने, ठेल्ने, धकेल्ने जस्ता श्रीमानबाट पीडित महिलामा छ भन्ने ८८.८९% र छैन भन्ने ११.११% गरी जम्मा १००% रहेको पाइयो । लातले हान्ने, घिसार्ने वा कुट्ने ८६.६७% रहेका थिए । केही कारणलाई निहु बनाएर डढाउने वा आगो लगाउने प्रयास गरी हिंसा भोगेका महिला ५७.७८% र हतियार वा चक्कु देखाएर तर्साउने श्रीमानबाट पीडित महिलामा छ भन्ने ८०.००% छैन भन्ने २०.००% रहेको पाइयो । समग्रमा छैन भन्ने भन्दा छ वा हिंसा भोगेका महिला अधिक मात्रमा रहेको पाइयो ।

मानसिक हिंसा पनि उत्तरदाता महिलाले श्रीमान्बाट र परिवारका अन्य सदस्यबाट भोग्ने गरेको देखियो । जसमा श्रीमान्बाट तपाईको श्रीमानले कहिल्यै अपमान गरेको वा होच्याउने गरी पीडित भएका महिलाहरुमा छ भन्ने महिला ९१.११% र छैन भन्ने ८.८९% पाइयो । अरु मानिसहरुको छेउमा नराम्रो ब्यवहार गर्नुभएको छ ? भन्ने महिलामा छ भन्ने ८०.००% छैन भन्ने २०.००% पाइयो केही कुरामा डराएको वा त्रास देखाएको छ ? भन्ने महिलामा छ भन्ने ९३.३३% छैन भन्ने ६.६७% रहेका थिए । त्यस्तै परिवारबाट भोगेका मानसिक हिंसामा माइतीघरको सदस्यालाई गाली गरेर महिलालाई पीडित बनाउने १३.३३% चरित्र माथि दाग लगाउने २०.००%, सौता ल्याउछु भनी डरत्रास देखाउने ११.११%, दाईजो नल्याएको भनी गाली गर्ने ८.८९% अनपढ, अशिक्षित, बाँझी आइमाई भन्ने ६.६७% र अन्यमा ११.११% र माथिका सौता ल्याउछु भनि त्रास देखाउने, माइतीलाई दोष दिने, दाइजोको कारण, चरित्रलाई दोष लगाई मानसिक यातना दिने पीडित बनेका महिलाहरु २८.८९% पाइयो । यो सबैभन्दा अधिक मात्रामा रहेको थियो ।

यौनजन्य हिंसा भोगेका उत्तरदाता महिलाहरुले श्रीमानलाई इच्छा विपरित यौनसर्म्पक गर्न दिनु परेको वताएका थिए । श्रीमानले संधै मानसिक यातना दिने, बिरामी भएको बेलामा यौनसर्म्पक गर्न गाह्रे हुँदा पनी श्रीमानले जवरजस्ती गरेको र श्रीमानले केही गर्छ भनी डरले यौनसर्म्पक गर्न बाध्य भएका महिलाहरु रहेको पाइयो भने श्रीमानले कहिल्यै यौनजन्य

क्रियाकलाप गर्न बाह्य नपारेको कारण श्रीमानको अगाडी अपमानित र होच्चिएको महसुस नभएको वताएका थिए ।

दाउन्ने देवी गा.वि.स वडा नं.५ मा बस्ने उत्तरदाता महिलाले शारिरीक, मानसिक र यौनजन्य हिंसाबाट शारीरिक समस्या मानसिक समस्या र स्वास्थ्य समस्या भोगेका बताएका थिए । जसमा शारीरिक हिंसाबाट शारीरिक समस्या भोग्ने समग्र उत्तरदाता महिलामध्ये काटेके ३४.८८%, मर्केको २७.९०%, पोल्ने (डढाएको) ११.६३% हड्डि भाँचिएको र दाँत भाँचिएको ६.९८% र अन्यमा ११.६३% थिए । समग्र महिलामध्ये श्रीमानबाट शारीरिक समस्या भोग्ने अधिक रहेका थिए त्यस्तै मानसिक हिंसाबाट मानसिक समस्या भोग्ने ३३.३३% डर लाग्छ भन्ने महिला, तनावमा २२.२२%, उदासिनता २०.००%, आत्माहत्याको सोचाई १७.७८% आत्महत्याको प्रयास ६.६७% रहेको थिए भने श्रीमानबाट यौनसर्म्पक गर्दा इच्छा विपरीत दिनुपर्दा जवरजस्ती गर्नुपर्दा धेरै पेट दुखेको सबैभन्दा बढि ५५.००% पाइयो ,धेरै रगत गएको भन्ने ३०.००% रहेको पाइयो भने गर्भ खेर गएको भन्ने महिला १५.००% रहेको पाइयो ।

प्रस्तुत अध्ययनमा अधिकांश महिलामाथि हुने हिंसाका घटना लोग्नेबाट हुने गरेको र अन्य महिला परिवारका अन्य सदस्यबाट सासु, ससुरा र नन्द, जेठाजु, जेठानी, सौताबाट हिंसा पीडित हुने गरेको पाइएको छ । उत्तरदाता महिलाहरु माथि शारीरिक र मानसिक यौनजन्य प्रकारका घटना भएको गाली, गलौच, अपमानजनक, व्यबहार, गर्भपतन, पेट देखेको, रगत बगेका जस्ता घटनाका शिकार बनेको पाइएको छ ।

समग्र उत्तरदाता माथि जाँड, रक्सी सेवनका कारण हिंसा हुने गरेको त्यस्तै गरिवी तथा आर्थिक कारण, अशिक्षा, दाइजो , बहुविवाहका कारण हिंसा पीडित बनेका थिए । यसरी महिलाहरु माथि भएको हिंसाका कारण शारिरीक, मानसीक दुवै किसिमको असर पर्न गएको पाइएको छ । अधिक महिलाहरु शारीरिक हिंसाका कारण, शरिरका अंगहरुमा काटेको, मर्केको, हड्डि भाँचिएको अनुहारमा निलडामका साथै सुनिएको शारिरमा मुक्का हानिएको खुट्टा सुनिएका जस्ता असर पर्न गएको पाइएको छ ।

समग्र घरेलु हिंसाबाट पीडित भएको महिलालाई कस्तो किसिमको सहायता चाहिन्छ भनी सोधिएको थियो । जसमा अधिक महिलाले पीडकलाई कानुनी कारवाही गर्नुपर्छ भन्ने जनाएको छन् । जसमा ३५.५६% रहेको छ । सल्लाह र सुझाव २०.००% परिवारले हेरविचार गर्नुपर्छ ८.८९% खुल्ला कानुनी सहयोग ४.४४% औषधी उपचारमा सहयोग ४.४४%, आर्थिक सहयोग ४.४४% पीडितलाई सहायता कार्यक्रममा २२.२३% भन्ने बताएका थिए ।

प्रस्तुत अध्ययनमा हिंसा पीडित महिलाहरु हिंसाबाट छुटकारा पाउनका लागी संस्था, व्यक्ति, पुलिसमा पुगेका पाइएको छ । ४५ जना महिलामध्ये २ जान अर्थात् ४.४४% महिलाले कसैलाई नभनेको पाइयो । किन नभन्नु भएको भनी सोध्दा आफ्नो समस्याको समाधान आफै गर्छु भन्ने र इज्जत जान्छ भन्ने डरले कसैलाई नसुनाएको भन्ने बताए भने ४३ जना अर्थात ९५.५६% ले विभिन्न व्यक्ति, पारालिगल कमिटी, सामाजिक कार्यकर्ता, पुलिस समक्ष उजुरी गरेर न्याय पाएको बताएका थिए । हिंसा पीडित महिला जहाँ भन्न गएका छन् उनीहरुले रक्सी सेवन कम गर्ने, श्रीमान, श्रीमती मिलेर बस्ने, परिवारको रेखदेख गर्ने, छोरी पनि छोरा सरह हुन् उनीहरुलाई राम्रोसँग पढाई आफ्नो खुट्टामा आफै उभिनु पर्ने वातावरण सृजना गराइदिनुपर्दछ यदि परिवारलाई रेखदेख नगरी अर्कै केटीसँग लाग्ने परिवार र श्रीमतीलाई यातना दिने, सौता भएपनी उ पनी घरको सदस्य हो भन्ने सोचिएन भने कानुनी कारवाही अनुसार कार्य गर्दछौं भन्ने सल्लाह दिनुभयो ।

## ७.२ निष्कर्ष :

प्राचिन समयदेखीनै महिलाहरु प्रतिको भेदभावयुक्त सामाजिक साँस्कृतिक अवधारणाको कारण समाजमा महिलाप्रति सामाजिक सोचाइगत असमानताहरु आएका छन् । समाजमा हुने यस्ता किसिमका लौङ्गिक असमानताहरुलाई जरैदेखी उखालेर फाल्नुपर्दछ । महिलाहरु माथिको हिंसाको प्रमुख कारण भनेको आर्थिक तथा सामाजिक संरचना हो । साथै शिक्षाको क्षेत्रमा माहिलाहरु पछि पर्नाले पनि हो , त्यसैले महिलाहरु आर्थिक, सामाजिक, राजनितिक हरेक क्षेत्रमा पछाडी परेका छन् । सामाजिक परिवेशका कारणले गर्दानै आफुलाई कमजोर तथा परनिर्भर मानसिकता स्वयम महिलामा पनि विकास भैसकेको छ जसले गर्दा पनी महिलाहरु प्रतिको हिंसाको घटनाले समाजमा प्रश्रय पाउँदै गएको छ ।

छनौटका अधिकांश महिलाहरु अशिक्षित तथा सामान्य शिक्षित मात्रै रहेको पाइयो । उत्तरदाता महिलाको आफ्नो स्पष्ट आय-आर्जनको बाटो नभएको कारणले आर्थिक रुपमा श्रीमान तथा परिवार प्रति निर्भर रहदै आएको तर हालको अवस्थामा आएर भने सिलाई, बुनाई जस्ता सिपमुलक तालिममा संलग्न हुन थालेको पाइयो ।

छनौट महिलाहरुमा एकात्मक परिवारका महिलाअधिक प्रतिशतमा रहेका थिए भने संयुक्त परिवारका महिलाहरु अलि कम मात्रमा थिए । छनौटका महिलाहरुले केही मात्रामा शिक्षा हासिल गरेको पाइयो तर पनि महिलामाथिको हिंसामा शिक्षाले प्रभाव पार्न सकेको पाइएन ।

महिलाले शारीरिक तथा मानसिक हिंसाको शिकार हुँदै आएको देखिन्छ । उत्तरदाता महिलाले आफु माथिका श्रीमान तथा परिवारका अन्य सदस्यबाट भएका हिंसाका घटनालाई ठुलो रुपमा नलिएता पनि शारीरिक, मानसिक, यातना बढ्दै गएपछि मात्र असह्य भई कानुनी उपचारका लागी जानु परेको जानकारी दिएका छन् । छनौटका महिलाबाट आफूले घरको काम सकेर जागिरमा पुग्ने गरेको अवस्थामा पनि समयमा घरमा नपुग्दा श्रीमान तथा घरका सदस्यबाट सतित्वमाथी लाञ्छना लगाइने ज्यालादारीको रुपमा काम गर्न श्रीमान श्रीमती सँगै काममा जाँदा श्रीमतीले अन्य ब्यक्तिलाई हेर्दा चरित्रमाथि दाग लगाउने, आर्थिक स्थिती कमजोर भएर छोराछोरीलाई पढाउने कुरामा श्रीमानलाई भन्दा रक्सी खाएर आई पैसा दिनुस् भनी झगडा गर्ने विवाहपछि बच्चा नभएको कारण श्रीमान र सौताबाट अपमानित बन्नुपरेको, अशिक्षा र पुरुषत्वका कारण रक्सी सेवन गरी श्रीमतीलाई दुर्व्यवहार गर्ने दाइजो नल्याएको जस्ता कारणले गर्दा लोग्ने तथा परिवारका अन्य सदस्यबाट मानसिक र शारीरिक रुपमा हिंसापीडित बन्नु परिरहेको पाइयो ।

यसरी के भन्न सकिन्छ भने प्राय महिलाहरुमा शिक्षाको कमीको कारण नै परनिर्भर हुनु पर्ने अवस्था सिर्जना हुन्छ भन्ने कुरालाई यो अध्ययनले पनि पुष्टि गरेको छ । मूलतः शिक्षित महिलाको रोजगारिका अवसरहरु पाउने र पुरुषमा पूर्ण रुपमा भर पर्न नपर्ने कारणले उनीहमाथि हुने हिंसामा पनि कमी हुने गरेका कुरालाई यो अध्ययनले पनि बल दिएको छ । महिला माथि हुने गरेको हिंसामा हाम्रो सामाजिक संरचना, आर्थिक दुरवस्थाले पनि ठूलो भूमिका खेलेको हुन्छ । यो अध्ययनले गाउँले तर सुगम परिवेशमा हुने गरेका हिंसाहरुका कारण

साथै त्यहाँ गरिने समाधानका उपचारहरुको बारेमा सानै भए पनि महत्वपूर्ण भुमिका खेल्ने आशा गरेको छु । स्रोत र समयको सीमितताको बावजुत यस अध्ययनमा गाउँका महिलाहरुले भोग्नु पर्ने विविध हिंसाहरुमाथी प्रकाश पारिएको छ । यहाँ प्रशस्त हिंसाका कारणहरु प्रतिनिधी पात्रका रुपमा प्रस्तुत गरिए पनि यस अध्ययनले अन्य ठाउँको हिंसा सम्बन्धी अध्ययनमा अझ बढि प्रकाश पार्न मदत हुने आशा गरेको छु । यस अध्ययनबाट भविष्यमा महिलाहरुमाथि हुने हिंसाहरुका अन्य विविध पक्षहरु समेटी उनीहरुलाई आर्थिक रुपमा विभाजन गरी उच्च, मध्यम, निम्न वर्गमा हुने गरेका हिंसाका प्रकृतिको बारेमा अझ बढि सूचना प्राप्त गर्न सकिने देखिन्छ ।

# References

## सन्दर्भ सामाग्री


- Adhikari, Keshab Prasad (2004), "Issues on violence Against women", population Magizine, vol. 11 kathmandu.
- Ahuja, Ram (1998), violence Against women, Delhi : Rawat publication.
- E1 – Zanaty, EM Hussein, G.Shawky, A way, and S.kishor, 1995 "Egypt Demographic and Health Survey, Calverton, MD: National population council and Macro Internal.
- Haj-Yahia, MM and J.LEdleson, 1994 "predicting the use of conflict Resolution Tactic Among Engaged Arab – palestinian Men in Israel". Journal of family violence 9 : 47-62.
- kim . k and y . cho. 1992 "Epidemiological survey of spousal Abuse in Korea". pp . 277-82 in Intimate violence: Interdisciplinary perspectives, edited by E.C viano. Washington DC : Hemisphere.
- Koenig, M, Ahmed, S, Hossain, MB, and Mozumber, A.B.M (2003). "Women's status and Domestic violence in Rural Bangladesh : Individual and community – Level effects". Demography, 40 (2), pp.269 – 288.

- Profamilia, 1995 "Demographic and Health Survey For Columbia" Calverton, MD : Macro International.
- Puri, M.Towards prevention of violence against Marginalized women in Nepal. Reproductive Health Research Policy BRIEF.CREHPA, MAY 2011 :pp. 17
- SAATHI 1997, "A situational Analysis of violence against women and Girl in Nepal".
- Stark, N (1993) "Gender and Therapy Management :Re productive Decision Making in Rural Bandladesh" Dissertation, southern Methodist university, Dallas.
- Tamang Jyotsna 2009, Domestic violence in Nepal, Septmber 2009 (jejeebhoy, S.J, and R.J cook, 1997, "state Accountability for wife beating : The Indian challenge". Lancet 349 : S 110 – 12).
- WHO 1997, " Violence against women : A priority Health Issues" WHO: Geneva.
- WHO, 2005. "WHO Multi-Country Study on Women'Health and Domestic violence against women".

- ओरेक नेपाल २०६८, मासिक प्रतिवेदन कार्तिक, अन्वेशी २०११ महिला माथि हुने हिंसाको यर्थाथ ।
- चौधरी, रूपा (२०६६), "महिला आन्दोलन पुरूष विरोधी होइन", राष्ट्रिय महिला आयोग भद्धकाली प्लाजा, काठमाण्डौ ।
- चौलागाई तिलक प्रसाद, नानीराम पोखरेल, केशवराज सापकोटा लैङ्गिक अध्ययन समाजशास्त्रीय विश्लेषण, १ कार्तिक (२०६०) ।
- थपलिया, डा.शान्ता (२०५८), महिला विरूद्धको घरेलु हिंसा, प्रतिबेदन, न्याय सेवा आयोग सचिवालय, परिशिष्ट -७, पृ -४९ ।
- भण्डारी, ऋतुराज (२०६६), "महिला अधिकार", राष्ट्रिय महिला आयोग भद्धकाली प्लाजा, काठमाण्डौ ।
- साथी (२०६६) घरेलु हिंसाको बस्तुस्थिती विश्लेषण, कपिलबस्तु जिल्लामा गरिएको नमुना अध्ययन, २०६६.
- महिला कानुन र विकाश मञ्च (FWLD) 2059, महिला विरूद्धको सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धी CEDAW, धारा - छ ।
- मल्ल सपना,२०५८ , "यौनजन्य दुर्व्यवहार प्रतिवेदन ", लैङ्गिक समताको मूल प्रवाहिकरण कार्यक्रम ।
- मानव बेचविखन राष्ट्रिय प्रतिबेदन २०६२, राष्ट्रिय मानव अधिकार आयोग, हरिहभवन, ललितपुर ।
- राष्ट्रिय कार्य योजना (२०६०), महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी कार्यन्वयनको लागी तयार गरिएको राष्ट्रिय कार्य-योजना २०६० ।
- ल्याक लेन्स (२०६८), कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) महिला हक हेल्प लाइन, मानभवन, ललितपुर ।

# अनुसूचि - १

## प्रश्नावली :

**घरदैलो सर्वेक्षणका प्रश्नहरु :**

१. उत्तरदाताको पुरा नाम :

२. जाती :

३. लिङ्ग :

४. धर्म :

५. उमेर :

६. पेशा :

७. टोल :

८. वडा नं. :

९. जिल्ला :

१० परिवारको सदस्य संख्या :

११. शिक्षा :

   क) अशिक्षित :

   ख) सामान्य शिक्षित :

   ग) विद्यालय :

   घ) विश्व विद्यालय :

१२. वैवाहिक स्थिति :

   क) विवाहित :

   ख) अविवाहित :

   ग) विद्यवा :

१३. परिवारको प्रकार :

   क) एकात्मक :

   ख) संयुक्त :

१४) पारिवारिक विवरण :

| सि.नं. | नम | उत्तरदातासँगको सम्बन्ध | उमेर | लिङ्ग | शैक्षिक स्तर | बैवाहिक स्थिति | पेशा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |

१५) तपाईको विवाह भएको कति वर्ष भयो ?

..............................................................

१६) तपाईको घरको आम्दानीको मुख्य स्रोत के हो ?

क) कृषि
ख) ब्यवसाय
ग) ज्यालादारी
घ) सरकारी जागिर
ङ) बैदेशिक रोजगार
च) अन्य

१७) तपाईको श्रीमानको पेशा के हो ?

......................................................

१८) के तपाईको श्रीमानले जाड रक्सी, लागुपदार्थ सेवन गर्नुहुन्छ ?

क) छ
ख) छैन

१९) तपाई प्रति गरिने घरेलु हिंसा कुन बेला देखाइन्छ ?

क) रक्सी सेवन गरेपछि		ख) जुवा, तास खेलेपछि

ग) Drugs लिएपछि		घ) अन्य

२०) तपाईको श्रीमानले कहिल्यै ......................................

क) अपमान गरेको वा होच्याउने गर्नु भएको छ ?

अ) छ	एक पटक ☐	कहिलेकाही ☐	धेरैपटक ☐

आ) छैन

ख) अरु मानिसहरुले छेउमा नराम्रो व्यवहार गर्नु भएको छ ?

अ) छ	एक पटक ☐	कहिलेकाही ☐	धेरैपटक ☐

आ) छैन

ग) केहि कुरामा डराएको वा त्रास देखाएको छ ? ( जर्स्त हेराइबाट, सामान फालेर )

अ) छ	एक पटक ☐	कहिलेकाही ☐	धेरैपटक ☐

आ) छैन

घ) तपाईलाई वा तपाईको नजिकको मानिसलाई चोट पुऱ्याउने धम्की दिनु भएको छ ?

अ) छ	एक पटक ☐	कहिलेकाही ☐	धेरैपटक ☐

आ) छैन

२१) तपाईले माथि उल्लेखित हिंसाका कारण मानसिक समस्या भोग्नु परेको छ ?

क) छ ख) छैन

२२) तपाईले कस्ता प्रकारका मानसिक समस्या भोग्नु परेको छ ?

क) डर ख) तनाव ग) उदासिनता

घ) आत्महत्याको सोचाई ङ) आत्महत्याको प्रयाश च) अन्य

२३) तपाईको श्रीमानले कहिल्यै...........................

क) तपाईलाई चोट लाग्ने गरी थप्पड हान्ने, भुत्ल्याउने, ठेल्ने/धकेल्ने या केहि सामान तपाईतिर फाल्ने गर्नु भएको छ ?

अ) छ एक पटक ☐ कहिलेकाही ☐ धेरैपटक ☐

आ) छैन

ख) तपाईलाई लातले हान्ने, घिसार्ने वा कुट्ने गर्नु भएको छ ?

अ) छ एक पटक ☐ कहिलेकाही ☐ धेरैपटक ☐

आ) छैन

ग) कुनै कारणबस तपाईलाई डढाउने वा आगो लगाउने प्रयास गर्नु भएको छ ?

अ) छ एक पटक ☐ कहिलेकाही ☐ धेरैपटक ☐

आ) छैन

घ) तपाईलाई कुनै हातहतियार, बन्दुक या चक्कु देखाएर तर्साउने गर्नु भएको छ ?

अ) छ एक पटक ☐ कहिलेकाही ☐ धेरैपटक ☐

आ) छैन

२४) तपाईले माथि उल्लेखित हिंसाका कारण कुनै शारीरिक समस्या भोग्नु परको छ ?

क) छ ख) छैन

२५) तपाईले कस्तो प्रकारको शारीरिक समस्या भोग्नु पेरेको छ ?

क) काटेको ख) मर्केको ग) पोल्ने/डढाएको घ) हडि भाचिएक्को

ङ) दाँत भाचिएको च) अन्य

२६) गर्भवती हुदा तपाईले माथि उल्लेखित दुर्व्यवहार भोग्नु परेको छ ?

क) छ ख) छैन ग) कहिल्यै गर्भवती नभएको

२७) तपाईले नचाहदा नचाहदै तपाईको श्रीमानले कहिल्यै जवरजस्ती यौन सर्म्पक गर्नु भएको छ ?

क) छ एक पटक ☐ कहिलेकाही ☐ धेरैपटक ☐

ख) छैन

२८) तपाईको ईच्छा नहुदा नहुदै श्रीमानले केहि गर्छ कि भन्ने डरले कहिल्यै जवरजस्ती यौन सर्म्पक गर्नु परेको छ ?

क) छ एक पटक ☐ कहिलेकाही ☐ धेरैपटक ☐

ख) छैन

२९) तपाईको श्रीमानले तपाईलाई कहिल्यै यौनजन्य क्रियाकलाप गर्न बाध्य पार्नु भएको छ जसले गर्दा तपाई अपमानित

वा होच्चिएको महशुस गर्नु परेको छ ?

क) छ एक पटक ☐ कहिलेकाही ☐ धेरैपटक ☐

ख) छैन

३०) तपाईले यस्ता प्रकारका हिंसाका कारण कुनै स्वास्थ्य समस्या भोग्नु परेको छ ?

क) छ ख) छैन

३१) तपाईले कस्तो प्रकारको स्वास्थ्य समस्या भोग्नु परेको छ ?

क) गर्भ खेर गएको ख) धेरै रगत गएको

ग) धेरै पेट दुखेको घ) अन्य

३२) तपाईप्रति भएको हिंसा के तपाईको श्रीमानबाट मात्र गरिएको छ ?

क) छ ख) छैन

३३) यदि श्रीमानबाट मात्र हिंसा भएको छैन भने तपाईले परिवारका कुन -कुन सदस्यबाट हिंसा सहनु भएको छ ?

क) ............................................... ख) .................................................

ग) ................................................... घ) .......................................................

३४) तपाईको घर परिवारमा सबभन्दा बढि कुन सदस्यले दुःख दिन्छन् ?

क) श्रीमान    ख) सासु    ग) ससुरा    घ) नन्द    ङ) देवर    च) अन्य

३५) परिवारमा के कति कारणले झगडाको स्थिती उत्पन्न हुने गरेका छन् ?

क) .......................................

.....................................................................................

ख)

.............................................................................................................................

ग)

.............................................................................................................................

घ)

.............................................................................................................................

३६) तपाईले आफ्नो परिवारबाट कस्ता प्रकारका मानसिक समस्या भोग्नु परेको छ ?

क) तपाईको माइती घरको सदस्यलाई गाली गरेर ।

ख) तपाईको चरित्र माथि दाग लगाएर ।

ग) सौता ल्याउछु भनी डर, त्रास, धम्की देखाएर ।

घ) दाइजो नल्याएको भनी गाली गरेर ।

ङ) अनपढ, अशिक्षित बाझी आइमाइ भनेर ।

च) अन्य

३७) तपाईले घरेलु हिंसाको अनुभव कहिल्यै कसैलाई सुनाउनु भएको छ ?

क) छ

ख) छैन

३८) तपाईले यस बोरमा कसलाई बताउनु भएको छ वा कसको सहयोग लिनु भएको छ ?

क) नातेदार/परिवार    ख) साथी    ग) पारालिगल कमिटि

घ) सामाजिक कार्यकर्ता    ङ) पुलिस    च) कसैलाई नसुनाएको/सहयोग नलिएको ।

छ) अन्य

३९) यदि भन्नु भएको छैन/सुनाउनु भएको छैन भने किन होला ?

.......................................................................................................................

........................................................................................................................

४०) यस सम्बन्धमा सहयोग लिन खोज्दा उ/उनीसँग साँचो कारण बताउनु भएको छ ?

| | | | |
|---|---|---|---|
| क) | बताएको छु | ख) | बताएको छैन । |

४१) यदि बताउनु भएको छ भने उ/उनले के सल्लाह सुझाव दिनु भयो ?

........................................................................................................................

........................................................................................................................

४२) तपाईको विचारमा घरेलु हिंसाबाट पीडित भएको महिलालाई कस्तो किसिमको सहायता चाहिन्छ ?

| | | | |
|---|---|---|---|
| क) | सल्लाह र सुझाव | ख) | परिवारले हेरविचार गर्नुपर्छ । |
| ग) | पीडकलाई कानुनी कारबाही | घ) | खुला कानुनी सहयोग |
| ङ) | औषधी उपचारमा सहयोग | च) | आर्थिक सहयोग |
| छ) | पीडितलाई सहायता कार्यक्रम | ज) | अन्य |